'पत्रकारितामार्फत मुलुकप्रतिको निष्ठा र माया बढाउन जरुरी' पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २६ • अंक २३४ • २०८१ साल माघ ६ गते आइतबार (19 January, Sunday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## उपकुलपति र रजिस्ट्रारको अधिकार खोसियो

**टुडे समाचारदाता**

राजविराज । मधेश कृषि विश्वविद्यालयका उपकुलपति वैद्यनाथ महतो र रजिस्ट्रार डा. भगवान ठाकुरसंग रहेको आर्थिक कारोबारसहितको अधिकार मधेश प्रदेश सरकारले खोसेको छ ।

जनमत पार्टी नेतृत्वको

> जनमत पार्टी नेतृत्वको मधेश सरकारले मधेश कृषि विश्वविद्यालयमाथि अंकुश लगाउँदै बजेटसमेत कटौतीगरेकोअवस्थामा आर्थिक अधिकारसमेत खोसेर थप समस्या उत्पन्न गराएको छ ।

मधेश सरकारले मधेश कृषि विश्वविद्यालयमाथि अंकुश लगाउँदै बजेटसमेत कटौती गरेको अवस्थामा आर्थिक अधिकारसमेत खोसेर थप समस्या उत्पन्न गराएको छ ।

विश्वविद्यालय सभाको निर्णय भन्दै विश्वविद्यालयकी सहकुलपति, सभाकी अध्यक्ष तथा शिक्षा तथा संस्कृति मन्त्री रानी कुमारी तिवारीले उपकुलपति महतो र रजिस्ट्रार डा. ठाकुरलाई दिइएको आर्थिक अधिकार खोस्दै शैक्षिक तालिम केन्द्र बाराका प्रमुख महेन्द्र महतोलाई जिम्मा लगाएपछि समस्या थप बल्झिएको छ ।

उपकुलपति र रजिस्ट्रार जसपा नेपाल नेतृत्वको लालबाबु राउत नेतृत्वको तत्कालीन प्रदेश सरकारले नियुक्त गरेका हुन् ।

प्रदेश नीति आयोगका उपाध्यक्ष डा. सोहन साहले आफ्नो सामुदायिक कलेजको संरक्षण तथा व्यवसाय फस्टाउनका लागि प्रादेशिकस्तरमा सरकारी विश्वविद्यालयलाई धराप पार्नका लागि जनमत नेतृत्वको सरकारले सुनियोजित ढंगले संकटमा पार्न थालेको आरोप लागिरहँदा उपकुलपति महतो र रजिस्ट्रार डा. ठाकुरलाई हटाएको विषयलाई गम्भीर रुपमा शिक्षाविद्हरुले लिएका छन् ।

२०८० माघ ८ गते शिलान्यासका लागि विश्वविद्यालयले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई प्रमुख अतिथि बनाएपछि जनमत पार्टी उपकुलपति र रजिस्ट्रारबाट असन्तुष्ट रहँदै आएको छ । जनमत पार्टीको नेतृत्वमा मधेश प्रदेश सरकार गठन भएपछि उपकुलपति महतो र रजिस्ट्रार डा. ठाकुरले अनियमितता गरेको भन्दै नीति आयोगका उपाध्यक्ष डा. साहको नेतृत्वमा छानबिन समिति समेत गठन गरेको थियो ।

विश्वविद्यालयको आर्थिक कारोबार ठप्प हुँदा नयाँ भर्नाको प्रवेश परीक्षासमेत हुन सकेको छैन ।

### बलिदानी दिवसमा शहीदको स्मरण

## एकात्मक शासन प्रणाली र अत्याचारमाथि प्रहार गर्नु आन्दोलनको उपलब्धि



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश आन्दोलनको १८ वर्ष भएको स्मरण गर्दै मधेश केन्द्रित दलका शीर्ष नेतृत्वहरुले सिरहाको लहानमा शहीद रमेश महतोको शालिकमा माल्यार्पण गर्दै बलिदानी दिवस मनाएका छन् ।

मधेश आन्दोलनका अगुवा दलका नेतासमेत रहेका जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेश आन्दोलनले एकात्मक शासन प्रणाली, विभेदकारी र अत्याचारमाथि दह्रो रूपमा प्रहार गरेको स्मरण गरे । पूर्वउपप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष यादवले मधेशको थप अधिकारका लागि सशक्त संघर्षको आवश्यकता रहेको बताए । उनले भने, 'यो मुलुकमा थुप्रै राष्ट्रियता छ, सयौं जात र समुदाय छन्,' उनले भने, 'यो मुलुक यहाँ बसोबास गर्ने सबै जातजाति र भाषाभाषीहरूको साझा मुलुक नबनेसम्म संघर्ष गरिरहन आवश्यक छ ।'

अर्को प्रसंगमा उनले तत्कालै समाजवादी मोर्चासँग सहकार्यको सम्भावना नरहेको बताउँदै अध्यक्ष यादवले भने, 'अहिलेको अवस्थामा सहकार्य हुँदैन । जोसँग सहकार्य गरेको छ उसैलाई पिँठ्यूमा छुरा रोप्ने र राज्य शक्तिको प्रयोग गरेर पार्टी विभाजन गर्ने नेता किन्न भएपछि कुनै विश्वास छैन ।' अध्यक्ष यादवले मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था ल्याउन मधेश आन्दोलनको पनि भूमिका रहेको बताए ।

त्यस्तै राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले मधेशको मुक्तिका लागि अझै संघर्ष आवश्यक रहेको टिप्पणी गरेका छन् ।

पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष महतोले भने- 'मधेशले एकल नश्लीय औपनिवेशिक शासन विरुद्ध विद्रोह गरे पनि उपनिवेशबाट मधेश अझै मुक्त हुन सकेको छैन । मधेशी जनताले बलिदानी दिए, कडा प्रतिरोध गरे तर पनि पूर्ण सफलता हात पार्न सकेका छैनन् । असफलतापछि संघर्षको रणनीति परिवर्तन गर्नुको सट्टा केही नेताहरूले सत्ता सामु आत्मसमर्पण गरे ।'

अध्यक्ष महतोले शहीदहरूको सपना पूरा गर्न राष्ट्रिय मुक्ति क्रान्तिको आवश्यकता रहेको बताए । उनले मधेश मुक्तिको खाका तयार गर्दै बहुलराष्ट्र राज्यको स्थापना गरिनुपर्ने बताए ।

उनले मधेशी, थारु, पहाडका आदिवासी जनजाति, उत्पीडित खस, मुस्लिम र दलित लगायत सम्पूर्ण समुदायको सभ्यता र संस्कृतिको रक्षा गर्दै सुशासन र समृद्धिका लागि एकजुट भएर संघर्ष गर्न समेत सबैलाई आग्रह गरे ।

## शहीद परिवारको आक्रोश

**टुडे समाचारदाता**

जनकपुरधाम । बलिदानी दिवसको अवसरमा मधेश प्रदेश सरकारमाथि शहीद परिवारहरूले आक्रोश पोखेका छन् ।

मधेश शहीद प्रतिष्ठानले जनकपुरधामको महेन्द्रनारायण निधि मिथिला संस्कृति केन्द्रमा शनिबार आयोजना गरेको सातौं बलिदानी दिवसमा केही शहीद परिवारले खादा र आवतजावत भाडास्वरुप दिएको रकम आक्रोश पोख्दै फालेका छन् ।

शहीद तथा घाइते परिवारलाई दोसल्ला ओढाएर सम्मान गर्दै भाडावापत एक हजार रुपैयाँ दिँदा उनीहरू आक्रोशित बनेका थिए । केही शहीद परिवारले दोसल्ला र रकमसमेत फालेका थिए । मधेश आन्दोलनका प्रति शहीद परिवारलाई ३ लाख रुपैयाँ, गम्भीर घाइतेहरूलाई दुई लाख, घाइतेहरूलाई १ लाख ५० हजार र एक लाख रुपैयाँ दिने निर्णय गरेको छ । सो कार्यक्रममा शहीद परिवार तथा घाइतेलाई एक हजार मात्र दिएको भन्ने लागेपछि उनीहरूले दोसल्ला र रकम फालेर आक्रोश पोखेका थिए ।

सो कार्यक्रमा मुख्यमन्त्री सतीशकुमार सिंहले शहीद परिवार, घाइतेहरुका लागि निर्णय भए बमोजिमको रकम खातामा पठाइने र आवतजावतको खर्च मात्र एक हजार रुपैयाँ दिएको प्रष्ट पारेपछि शहीद परिवारजनहरु साम्य भएका थिए ।

उनले शहीदको बलिदानले नै देशमा संघीयता आएको र धेरै अधिकार अझै नपाइएको मुख्यमन्त्री सिंहले बताए ।







# सहरी क्षेत्रमा आगलागी नियन्त्रणका लागि 'ड्राइ राइजर'

काठमाण्डु । काठमाडौँ महानगरपालिकाले आगलागी हुँदा दमकल जान नसक्ने साँघुरा सडक तथा गल्लीमा 'ड्राइ राइजर' जडान गर्न सुरू गरेको छ।



महानगरको विपद् व्यवस्थापन विभागले यस कार्यलाई तीव्ररूपमा अगाडि बढाएको छ भने केन्द्रीय योजनामा नभएका ठाउँमा वडाहरूले पनि वडाकै बजेटबाट यो प्रणाली जडान गरिरहेको छ।

कामपाको ६, ७, ९, १३, १७, १८, २१, २५ र २७ मा 'ड्राइ राइजर' जडान भइसकेको छ भने अन्य वडाहरूमा पनि आवश्यकताअनुसार उक्त प्रविधि जडानको काम भइरहेको नगर प्रहरी उपरीक्षक विष्णुप्रसाद जोशीले जानकारी दिनुभयो । उहाँका अनुसार कामपाका कतिपय भित्री गल्ली दमकल र एम्बुलेन्स छिर्न नसक्ने किसिमका छन्। साँघुरा गल्लीमा आगलागी वा अन्य विपत्जन्य घटना हुँदा नियन्त्रण कठिन हुने हुँदा उक्त प्रविधि जडान गरिएको हो।

जोशीले भन्नुभयो, "यसले अग्नि नियन्त्रणमा ठूलो सहयोग गर्ने विश्वास छ", उहाँका अनुसार ड्राइ राइजर पाइप खनेर भित्री गल्लीहरूमा पुऱ्याइएको छ भने ठाउँठाउँमा दमकलको पानी पठाउने पाइप जडानको लागि 'आउटलेट' राखिएको छ। करिब ३० मिटरको अन्तरमा आउटलेटहरू राखिएका छन्।

दमकल जान नसक्ने साँघुरा सडक तथा गल्लीमा हुने आगलागीका समयमा आगो निभाउन प्रयोग गर्न सकिने गरी राखिएको सुक्खा पाइप लाइन ड्राइ राइजर हो। यदि पाइपमा नियमित पानी बगिरहन्छ भने यसलाई 'वेट राइजर' भनिन्छ।

ड्राइ राइजरको दुवैतर्फ दमकल पुग्ने ठाउँमा 'इनलेट भल्व' राखिएको हुन्छ।

यसपछिका ४५ मिटरदेखि ७५ मिटरसम्मको दूरीमा आउटलेट राखिएका हुन्छन्। दमकलको पानी ' इनलेट'मा राखेपछि आवश्यकताका आधारमा 'पाइपलाइन' का बीचमा जुनसुकै 'आउटलेट' खोले पनि पानी प्राप्त हुन्छ । यसले आगो नियन्त्रण गर्न गरिन्छ। दमकलबाट आठ बारको प्रेसरमा पानी पठाउँदा सात तले अग्लो भवनमा आगो निभाउन सकिने प्रेसरमा पानी पुग्छ।

**ड्राइ राइजर कसरी काम गर्छ ?**

भित्री गल्लीमा पाइपबाट दमकलको पानी पठाउने पारेको संरचनालाई 'ड्राइ राइजर' भनिन्छ। सामान्य भाषामा 'पाइपलाइन' भनेर बुझ्दा हुन्छ। तर दकमलको पानी निकै फोर्सले आउने भएकाले यो पाइप अन्य पाइपभन्दा बाक्लो हुन्छ आउटलेटहरू पनि बलिया हुन्छन्।

यसरी तयारी अवस्थामा राखिएको पाइपमा दमकलको पाइपको मुख (होज) जोडिन्छ । त्यसपछि मात्रै 'फायर फाइटिङ' गरिन्छ। यस प्रकारको पाइपलाइन जडान गर्दा धेरै खर्चिलो नहुने भएकाले सहरी क्षेत्रमा प्रभावकारी हुन्छ ।रासस

# दुई सय बढी बालबालिका विद्यालय जान छाडे

जलेश्वर । महोत्तरीको मटिहानी नगरपालिका वडा नम्बर ४ को मझौरा गाउँका दुई सय बढी बालबालिका विगत दुई महिनादेखि विद्यालय गएका छैनन्।



मझौरा गाउँ प्रवेश गरेसँगै दाहिनेतर्फ ७५ घर मुसहर समुदायका छन् । यहाँका २०० बढी बालबालिका गत मङ्सिर महिना सुरू भएदेखि नै विद्यालय जान छाडेका छन् । मुसहरी (मुसहर बस्ने) टोलभन्दा केवल तीन सय मिटर दूरीमा रहेको श्री माध्यमिक विद्यालय मझौरामा बाल कक्षादेखि विभिन्न कक्षामा पढ्दै आएका मुसहरका बालबालिकाले मङ्सिर र पुस महिना एक दिन पनि विद्यालय टेकेनन्।

स्थानीय मुसहर अगुवा अघनु सदाका अनुसार गरिब र विपन्न यस बस्तीका बालबालिका जाडोकै कारण दुई महिनादेखि विद्यालय नगएका हुन् । स्थानीय ६० वर्षीया सुनैनादेवी सदाले बालबालिकाको जीउमा पर्याप्त न्यानो लुगाफाटा नभएको, खानेकुराको अभाव र जीउ न्यानो बनाउन आगोसमेत अभाव भएको बताउनुभयो। जाडो महिना सुरू भएदेखि नै उनीहरू विद्यालय नगएको सोही ठाउँकी ६५ वर्षीया महिला बासोदेवी सदाले बताउनुभयो।

खर, पराल र पात पतिङ्गर सोहोरेर जेनतेन खाना पकाएर खाइरहेका मुसहरलाई जाडोको महिना निक्कै कष्टकर हुने गरेको भन्दै स्थानीय ७२ वर्षीया कोशिलादेवी सदाले घर बाहिर गएमा स्वास्थ्य बिग्रने डरले बालिबालिकालाई विद्यालय जानबाट रोकेको पीडा सुनाउनुभयो।

चाँडैतिर झिक्राझिक्री र खरपातले बनाएको घर, छाना चुहिने, शीत र ओस आउने ह्वाङ्ग र त्यसमै एक अर्कासँग टाँसिएर बसेका मुसहरका बालबालिका जाडो छल्नकै लागि विद्यालय नगएका हुन्।

नबस्ने घर, न खाने अन्न र त्यसमाथि कठ्याङ्ग्रिँदो जाडोले उनीहरूको रोजगारी पनि बन्द भएको छ। उनीहरूलाई परिवार पाल्न निक्कै कठिनाइ भएको छ। त्यसमाथि बालबालिकाको पठनपाठन झन बोझझैँ भएको छ।

स्थानीय ५४ वर्षीय रामसेवक सदाले जाडोको बेला कामकाज गर्न नसकिने, पैसाको अभाव हुने र लुगाफाटोको समस्या रहेको कारण यस बस्तीमा राम्ररी खानपान पनि पुऱ्याउन सबैलाई हम्मेहम्मे भएको बताउनुभयो । बालबालिकाहरूलाई कठ्याङ्ग्रिँदो जाडोमा घुर ताप्न लगाएर ज्यान जोगाउने गरेको उहाँले सुनाउनुभयो।

यस बस्तीमा जाडोयाममा सबैलाई न्यानो लुगाफाटा, पोषिलो खानपिन र चिसो हावा छल्ने घरको अभाव बर्सेनि हुने गरेको स्थानीय ३९ वर्षीय वीरेन्द्र सदाले बताउनुभयो। उहाँले यस्तो अभावको बेला आफूहरूलाई कसैले कहीँबाट कुनै सहयोग नगरेपछि झन बढी समस्या भएको दुखेसो पोख्नुभयो।

बस्ती नजिकै अर्को टोलमा घर रहेको वडाध्यक्ष अब्दुल गफार राईनलाई मुसहरी बस्तीको बासिन्दाको पीडाबारे सोध्दा उहाँले आफू पनि मुसहरको पीडासँग पीडित रहेको बताउनुभयो। तर, उनीहरूको समस्याको निदान आफ्नो हैसियतले गर्न नसकिने वडाध्यक्ष राईनले बताउनुभयो।

वडाध्यक्ष राईनले मुसहरी बस्तीमा घर निर्माणको योजना पनि अगाडि सार्न खोज्दा त्यहाँ मुसहरसँग जग्गा अभाव रहेको, सबैसँग पर्याप्त जग्गा नरहेको कारण बाहिरी सहयोगले बनाइने एकै खालको घरको परियोजना चाहेर पनि लागू गर्न नसकिएको बताउनुभयो।

मुसहर बस्तीका दुई सय बढी बालबालिका विद्यालय नगइरहेको सबालमा वडाध्यक्ष राईनले आफूले विद्यालय पठाउन मात्रै आग्रह गर्ने बताउनुभयो। तर उनीहरूको बालबालिकाहरूको अभावलाई पूरा गर्नसक्ने अवस्था नरहेको कारण जबर्जस्ती गर्न नसकिने बताउनुभयो।

पुस र माघ महिनाको चिसो स्याँठले निम्त्याएको कठ्याङ्ग्रिँदो जाडोबाट बच्न गत साता यस बस्तीमा नेपाली सेनाले प्रतिपरिवार एक एक थान कम्बल बाँडेको सुनाउँदै बस्तीकी ७२ वर्षीया कोशिलादेवी सदाले यो सहयोग अपुग र अपर्याप्त रहेको बताउनुभयो। उहाँले दाताले प्रतिपरिवार नभएर आवश्यक भएका सबैलाई दिनुपर्ने धारणा राख्नुभयो। उहाँले एउटा कम्बल बूढापाखा राख्ने कि महिलाले ओढ्ने कि बालबालिकालाई दिने भनी प्रतिप्रश्न गर्नुभयो।

यस मुसहर बस्तीमा अहिले बूढापाखा ठाउँठाउँमा खर, पराल र पातपतिङ्गर ल्याएर ठूलठूला घुर बालेर आगो ताप्दै दिन बिताउने गरेको देख्न सकिन्छ भने महिला तथा बालबालिका घरभित्र आगो बालेर आगोकै वरिपरि बसिरहेको देख्न सकिन्छ।

यस्तो अवस्थामा त्यस बस्तीका बालबालिकालाई ज्यान जोगाउनु नै मुस्किल छ। यस बस्तीका मुसहरहरू देशमा तीन तहको सरकार आएको र सङ्घीयताले देश विकासको दिशा लिइरहेको बेला आफूहरूले सङ्घीयता र लोकतन्त्रको अलि कति पनि अनुभूति गर्न नसकेको बताउँछन् ।रासस

# सीजी मोटर्सद्वारा जनकपुरधाममा हिरोको एक्स्ट्रिम सिरिजको क्षेत्रिय ग्राण्ड लञ्चिङ

**टुडे समाचारदाता**

जनकपुरधाम । सीजी मोटर्सले जनकपुरधाममा एक्स्ट्रिम सिरिज अन्तर्गत दुईवटा नयाँ मोटरसाइकलहरु लञ्च गरेको छ ।एक्स्ट्रिम १२५ आर र एक्स्ट्रिम १६० फोरमी आरकी क्षित्रिय ग्राण्ड लञ्चिग गरिएको हो।




सीजी मोटर्सद्वारा जनकपुरधामस्थित आफ्नो आधिकारिक विक्रेता स्वस्तिक अटो एण्ड ट्रेडिङ्ग प्रा.लि.मा एक कार्यक्रमको आयोजना गर्दै नयाँ मोटरसाइकलहरुको रिजनल लञ्च कार्यक्रम सम्पन्न गरेको स्वस्तिक अटो एण्ड ट्रेडिङ्ग प्रा.लि.का सञ्चालक कृष्ण कुमार दिक्षितले बताए।

जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र कुमार भण्डारीको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा हीरो मोटोकर्पले एक्स्ट्रिम रेन्जमार्फत नेपालका आधुनिक राइडरहरूको परिस्कृत माग तथा आवश्यकताहरू पूरा गर्दै शक्तिशाली, आकर्षक र उत्कृष्ट प्रदर्शन-आधारित मोटरसाइकलको चाहना पुरा गर्ने उद्देश्य लिएको जानकारी दिइएको थियो।

एक्स्ट्रिम १६० आर फोरमी र एक्स्ट्रिम १२५ आरले नेपालमा हीरो मोटोकर्पको नयाँ ब्राण्ड पहिचानलाई थप सशक्त बनाउनेमा कम्पनी विश्वस्त छ। एक्स्ट्रिम १६० आर फोरभी (प्रो) को मूल्य ३ लाख ८४ हजार ९ सय र एक्स्ट्रिम १२५ आरको मूल्य सीबीएस भेरियन्टका लागि २ लाख ८९ हजार ९ सय तथा एबीएस भेरियन्टका लागि ३ लाख ११ हजार ९ सय रुपैयाँ तोकिएको छ।

सार्वजनिक यी दुबै मोडेलहरू नवलपरासीस्थित सीजी इन्डस्ट्रियल पार्कमा रहेको अत्याधुनिक असेम्ब्ली प्लान्टमा एक्सपल्स २०० फोरभी, सुपर स्प्लेन्डर, स्प्लेन्डर प्लस मोटरसाइकलहरू र जुम ११० स्कूटरसँगै असेम्बल गरिएको कम्पनीले जानकारी दिएको छ।

कम्पनीले सुपर स्प्लेन्डर र एक्सपल्स २०० जस्ता चर्चित ब्रान्डद्वारा नेपालको बजारमा बलियो पकड जमाएको छ। चौधरी ग्रुप, नेपालको एक प्रतिष्ठित व्यवसायिक समूह, हीरो मोटोकपको नेपालका लागि आधिकारिक वितरक पनि हो। १ सय ६० भन्दा बढी कम्पनी संचालन गर्ने यस समूहसँग, १५ हजार भन्दा बढी कर्मचारीहरूको बलियो टिम र १ सय २३ ब्रान्डहरू रहेका छन्।

एक्स्ट्रिम १६० आर फोरभीले १६० सीसी सेगमेन्टलाई नयाँ उचाइमा पुऱ्याउँदै १६३ सीसी ४-भल्भ बीएस-भीआई इन्जिन प्रदान गर्दछ। यसले ८ हजार ५०० आरपीएममा १६.९ पीएस पावर र ६ हजार ५०० आरपीएममा १४.६ एनएम टर्क उत्पादन गर्दछ। यो मोटरसाइकलले ०-६० कि.मी./घण्टा मात्र ४.४१ सेकेन्डमा पुग्ने नयाँ स्तर निर्धारण गरेको छ। उच्च गतिका लागि असाधारण क्षमता र उत्कृष्ट प्रदर्शनका साथ, यो आफ्नो श्रेणीकै सबैभन्दा तिब्र गतिको मोटरसाइकल हो। यसलाई अझ उच्च स्तरको बनाउन, ३७ एमएम केवाईबी इनभर्टेड फ्रन्ट फोर्क र ७-स्टेप एडजस्टेबल रियर सस्पेन्शनले ह्यान्डलिङमा सहजता र स्थिरता प्रदान गर्दछ। केवल १४५ किलो तौल भएको यो मोटरसाइकल सजिलै मोड्न र चलाउन सकिन्छ। यसमा उपलब्ध गरिएको पेटल डिस्क ब्रेकले शहरी सडक र राजमार्गहरूमा समेत कर्नरिङमा सहजता प्रदान गर्दछ।

एक्स्ट्रिम १६० आर फोरभीमा मस्कुलर र एरोडायनामिक डिजाइनका साथमा विङलेटहरू सहितको रोबोटिक हेडल्याम्प, अन्डर काउल, र हगर फेन्डर पनि उपलब्ध रहेको छ। यसमा सिंगल वा स्प्लिट सिटको विकल्प उपलब्ध छ। साथै, आरामदायी यात्राका लागि डिजाइन गरिएको इर्गोनोमिक्सले खुट्टाका लागि अतिरिक्त स्थान र झुकाइएको ह्यान्डलवार रहेकाले गर्दा यात्रा अझ सहज हुनेछ। प्रविधिको दृष्टिले, यसमा फुल- एलईडी लाइटिङ प्याकेज, ब्लुटुथ कनेक्टिभिटीसहितको इन्भर्टेड स्पीडोमिटर, गियर पोजिशन इन्डिकेटर, र कल/एसएमएस अलर्ट लगायत सुविधाहरु पनि उपलब्ध गरिएको छ। यी सुविधाहरुले राइड अनुभवलाई थप सहज र आधुनिक बनाउँछ, जसले गर्दा उच्चतम स्तरको अनुभव खोज्नेहरूका लागि यो मोडेल अती उपयोगी हुनेछ।

एक्स्ट्रिम १२५ आरले १२५ सीसी सेगमेन्टमा नयाँ स्ट्यान्डर्ड स्थापना गर्दै शक्तिशाली स्प्रिन्ट इन्जिन प्रदान गर्दछ । यसले ११.४ बीएचपी पावर उत्पादन गर्दै, ०-६० कि.मी./घण्टा केवल ५.९ सेकेन्डमा पुर्याउने क्षमता राख्छा प्रदर्शन र माइलेजको सन्तुलनका लागि यो उत्कृष्ट मोटरसाइकल हो । यसमा ईबीटी प्रणाली उपलब्ध गरिएको छ, जसले थप सन्तुलित यात्राको अनुभव दिन्छ । साथै, हीरोको आईथ्रीएस प्रणालीले इन्धनको बचत सुनिश्चित गर्नेछ।

एक्स्ट्रिम १२५ आरको मस्कुलर र शार्प डिजाइन अन्तर्गत सेगमेन्टमै पहिलो प्रोजेक्टर एलईडी हेडल्याम्प, एलईडी टर्न सिग्नल, र सिग्नेचर एलईडी टेल लाइट समावेश गरिएको छ । सेगमेन्टमै पहिलो पटक स्पोर्टी मफ्लर, स्वील कभर र नेगेटिभ एलसीडी इन्स्टुमेन्ट क्लस्टर जस्ता फिचरहरूले यसलाई प्रविधिमैत्री र आकर्षक बनाएको छ । यस मोडेलमा दिइएको डायमन्ड फ्रेमले उत्कृष्ट ह्यान्डलिङको सुनिश्चितता प्रदान गर्दछ । १२०/८० रियर टायर, ३७ एमएम फ्रन्ट सस्पेन्सन, र ७-स्टेप एडजस्टेबल मोनो-शकले स्थिरता र आरामदायी यात्रा प्रदान गर्दछ । फ्ल्याट ह्यान्डलबारले दैनिक तथा रोमाञ्चक यात्रा, दूबै अवस्थामा सहजताको सुनिश्चितता प्रदान गर्नेछ।

सुरक्षाका लागि, यसमा सिंगल च्यानल एबीएस, २७६ एमएम फ्रन्ट डिस्क ब्रेक, र हाजार्ड लाइट जस्ता सुविधाहरू समावेश गरिएका छन् । फायरस्टोर्म रेड, कोबाल्ट ब्लु, र स्टालियन ब्ल्याक जस्ता आकर्षक रङका विकल्पहरुमा उपलब्ध एक्स्ट्रिम १२५ आरले उत्कृष्ट प्रदर्शन, अत्याधुनिक विशेषताहरू र उच्च सुरक्षाका साथ नेपालका नयाँ पुस्ताका राइडरहरूको ध्यानाकर्षित गर्नमा कम्पनी विश्वस्त रहेको छ।

# घरजग्गा कारोबारः गत पुसमा चार अर्ब २५ करोड राजश्व सङ्कलन

काठमाण्डु। घर जग्गाको कारोबार क्रमशः लयमा फर्किन थालेको पाइएको छ। देशभरको घर जग्गाको कारोबारको विवरण राख्ने भूमि व्यवस्था तथा अभिलेख विभागकाअनुसार गत मङ्सिर महिनाको तुलनामा गत पुस महिनामा राजश्व सङ्कलनमा वृद्धि भएको छ।

गत मङ्सिर महिनामा रु तीन अर्ब ८७ करोड ४८ लाख २६ हजार नौ सय ७६ बराबर सङ्कलन भएकामा पुस मसान्तसम्म रु चार अर्ब २५ करोड २२ लाख २१ हजार सात सय ७९ राजश्व प्राप्त भएको छ।

विभागका अनुसार सो महिनामा सेवा करबाट रु ३० करोड ४३ लाख ४४ हजार छ सय ६५ सङ्कलन भएको छ। यस्तै, रजिष्ट्रेशन दस्तुरबाट रु दुई अर्ब ६८ करोड ७८ लाख २६ हजार एक सय ४५, पूँजीगत लाभकरबाट रु एक अर्ब ६० करोड ८३ लाख २८ हजार एक सय ७२ प्राप्त भएको छ।

काठमाडौँ उपत्यका भित्रका विभिन्न नौ वटा मालपोत कार्यालयमध्ये सबैभन्दा बढी भूमिसुधार तथा मालपोत कार्यालय लगनखेलले राजश्व सङ्कलन गरेको छ। सो कार्यालयले रु ४० करोड ९४ लाख ४२ हजार सात सय ३२ राजश्व सङ्कलन गरेको छ। यसबाट ललितपुरमा घरजग्गाको कारोबारमा उल्लेख्य वृद्धि भएको सहजै अनुमान गर्न सकिन्छ।

यस्तै, मालपोत कार्यालय गोटीखेल ललितपुरले रु दुई लाख ८९ हजार ८४, मालपोत कार्याल भक्तपुरले रु २९ करोड ७६ लाख १३ हजार दुई सय ७१, मालपोत कार्यालय डिल्लीबजारले रु २१ करोड ९० लाख ९९ हजार छ सय ८५ राजश्व सङ्कलन गरेको छ।

त्यस्तै, विभागका अनुसार, मालपोत कार्यालय चाबहिलले रु २२ करोड ९३ लाख ८० हजार तीन सय ६७, कलङ्की मालपोतले रु २१ करोड ९३ लाख ७१ हजार सात सय ९२, मालपोत कार्याल सातुले रु १० करोड ३२ लाख ५९ हजार छ सय २२, मनमैजुले रु छ करोड ६८ लाख २९ हजार पाँच सय ६१, मालपोत कार्यालय टोखाले रु छ करोड ७७ लाख ३४ हजार छ सय ९७ बराबरको राजश्व सङ्कलन गरेको छ।

यस्तै, मालपोत कार्यालय विराटनगरले रु १६ करोड ११ लाख तीन हजार चार सय ८१, मालपोत कार्यालय इनरुवा सुनसरीले रु १० करोड ९३ लाख ७४ हजार दुई सय ५७ राजश्व सङ्कलन गरेको छ।

गत कात्तिकमा देशभर घर जग्गाको कारोबारबाट रु दुई अर्ब ७० करोड ४० लाख ४६ हजार छ सय ४५ बराबरको राजश्व सङ्कलन भएको थियो ।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक
मेष :कामको मेसो नमिल्दा केही अलमल हुनेछ।
वृष :समयमा निर्णय नलिने बानीले अप्ठ्यारो पार्न सक्छ।
मिथुन :विभिन्न कामका अवसर प्राप्त हुनेछन्।
कर्कट :अरूको बारेमा चासो राख्दा स्वयं समस्यामा पर्न सकिन्छ।
सिंह:सोख र हडबडीले समस्या निम्त्याए पनि ज्ञान, कला र व्यक्तित्वमा निखार आउनेछ।
कन्या :खर्च लागे पनि प्रयत्न गर्दा काममा सकारात्मक संकेत प्राप्त हुनेछ।
तुला: प्रशस्त लाभ उठाउने समय छ।
वृश्चिक: परिस्थितिको चक्रमा अलमलिनु पर्दा कार्यसम्पादनमा ढिलाइ हुनेछ।
धनु :जिम्मेवारी थपिए पनि स्वास्थ्य कमजोर रहनाले काममा बाधा पुग्न सक्छ।
मकर: स्वास्थ्य कमजोर रहनाले चिताएको काम गर्न नसकिएला।
कुम्भ :हडबडले काम बिग्रनेछ।
मीन :कामको मेसो नमिल्दा अलमल हुनेछ।
गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



बलिदानी दिवसको अवसरमा जसपा नेपालले जनकपुरधामको भानुचौकमा मोमबत्ती बालेर शहिदहरुप्रति श्रद्धाञ्जली अर्पण गरेका छन् । तस्बिर : टुडे

# 'मानवसेवाभन्दा ठूलो धर्म अरू हुनसक्दैन'

लमजुङ । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले मानवसेवाभन्दा ठूलो धर्म अरू हुन नसक्ने बताउनुभएको छ ।

बैंसीसहर नगरपालिका-७ स्थित मानवसेवा आश्रममा आज आयोजित आश्रमको भवन निर्माणका लागि एनसेलद्वारा सहयोग रकम हस्तान्तरण कार्यक्रममा उहाँले विविध कारणले सडकमा पुगेका मानिसको सेवाका लागि गरिने सहयोग महत्वपूर्ण रहेको बताउनुभयो । "धेरै मानिसले अन्य काममा पनि सहयोग गर्छन् तर परिवारले हेला गरेका र विविध कारणले सडकमा भौतारिरहेका मानवलाई सहयोग गर्नु उत्तम धर्म हो", सरकारको प्रवक्ता मन्त्री गुरुङले भन्नुभयो,"समस्यामा परेका मानवको सहयोग गर्न सबै तयार हुनुपर्छ । यस्तो सहयोग गर्नु ठूलो धर्म गर्नु हो ।"

उहाँले आफू गण्डकी प्रदेशको मुख्यमन्त्री भएका बेला लमजुङ, कास्की, गोरखालगायत चार ठाउँमा आश्रम निर्माणका लागि सहयोग गरेको र आगामी दिनमा पनि सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

मन्त्री गुरुङले सडकमा भौतारिरहेका मानिसको सेवा र उत्थानका लागि मानवसेवा आश्रमले गरिरहेको योगदानको प्रशंसा गर्नुभयो । उहाँले आश्रमले गरिरहेको काम प्रधानमन्त्री केपी शर्मा ओलीले पनि चासोका साथ हेरिरहेको भन्दै आश्रमलाई सबैले माया गर्नुपर्नेमा जोड दिनुभयो । "प्रधानमन्त्री स्वयं र आमा ९प्रधानमन्त्री पत्नी० यसको संरक्षक हुनुहुन्छ । त्यसैले आश्रमको काम कारबाहीप्रतिहामी सबैको ध्यान छ", मन्त्री गुरुङको भनाइ थियो ।



कार्यक्रममा एनसेलका प्रतिनिधि डिल्लिराम श्रेष्ठले सामाजिक उत्तरदायित्वअन्तर्गत आफ्नो संस्थाले आश्रमको भवन निर्माणको लागि रु १० लाख सहयोग गरेको बताउनुभयो । उहाँले संस्थाले शिक्षा, स्वास्थ्य र वातावरणलगायत क्षेत्रमा हालसम्म रु दुई अर्बभन्दा बढी सहयोग गरेको बताउनुभयो ।

आश्रमकी संयोजक अनिता अधिकारीले चन्दादाता, विभिन्न सङ्घसंस्था, स्थानीय र प्रदेश सरकारको आर्थिक सहयोगमा आश्रमको भवन निर्माण भइरहेको बताउनुभयो ।रासस

# 'निफ' मा ४० देशका ८७ वटा चलचित्र छनोट

काठमाण्डु । नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ) को आठौँ संस्करण आगामी चैतमा हुँदैछ । नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानको आयोजनामा हुने महोत्सवमा ४० देशका ८७ वटा चलचित्र छनोट भएको महोत्सव अध्यक्ष केपी पाठकले जानकारी दिनुभयो ।

अध्यक्ष पाठकले निफमा ७० देशका छ सयभन्दा धेरै चलचित्रले प्रदर्शनीका लागि दिएको प्रस्तावमा निर्णायक समितिले उक्त चलचित्र छनोट गरेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यस अगाडिका शृत्त लाभन्दा भव्य बनाउने किसिमले हामीले तयारी गरिरहेका छौँ । चलचित्र प्रेमी दर्शक आकर्षित हुनेगरी हामीले प्राप्तमध्येबाट चलचित्र छनोट गरेका छौँ । यो विश्वभरका चलचित्रकर्मी भेटघाट र छलफल चलचित्र आदानप्रदान गर्ने माध्यम बन्नेमा विश्वस्त छौँ ।"

अध्यक्ष पाठकले निफमा स्वदेशी तथा विदेशी चलचित्रकर्मी, राजनीतिज्ञ र समाजका प्रतिष्ठित व्यक्तित्वसँग छलफल गरिनुका साथै विभिन्न कार्यशाला पनि सञ्चालन हुने बताउनुभयो । महोत्सवलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय गरेर दुई किसिमले वर्गीकरण गरिएको छ । दुवैमा 'फिचर' र लघु चलचित्रका साथै वृत्तचित्र विधामा अवार्ड वितरण गरिने छ । नेपाली कथानक चलचित्रको प्रतिस्पर्धा हुने 'नेसनल पानोरमा' मा जोन योञ्जनको 'क्रलिङ क्रोज', दिनेश राउतको 'पूजार सार्की', विनोद पौडेलको 'भूठान' र लक्ष्मण सुवेदीको 'सतीदेवी' छनोट भएका छन् ।

नेपाली वृत्तचित्रको प्रतिस्पर्धा विधामा सुविना श्रेष्ठको 'देवी', रजिला श्रेष्ठको 'छेसाङ', गौरव आयरको 'मुक्ति', तासी लाजोमको 'नो मोनास्ट्री नो भिलेज', दीपा श्रेष्ठको 'उड्ने सपना' र लव प्याकुरेलको ' गर्ल्स रिराइटिङ डेस्टिनी' रहेको छ । यस संस्करणदेखि एआई प्रविधिबाट वा सोसम्बन्धी विषयमा बनेको चलचित्रको प्रतिस्पर्धा पनि थप गरिएको महोत्सव निर्देशक पाठकले जानकारी दिनुभयो ।

'एआई फिल्म्स' नाम दिइएको यो विधामा चीनको ' एभ्री हेजिस्टेसन अफ योर्स क्यान डिस्ट्रोय दी वर्ल्ड', अर्जेन्टिनाको 'दी एबिस', फ्रान्सको 'गोल्ड कास्टिङ', पेरूको 'दी ड्रिम, दी फग एन्ड दी रेन' र अमेरिकाको 'मब पार्ट १' रहेको छ ।

महोत्सवमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धाअन्तर्गत सर्वोत्कृष्ट हुने चलचित्रलाई एक हजार पाँचसय अमेरिकी डलर राशिसहित ' गौतम बुद्ध अवार्ड' प्रदान गरिनेछ । त्यसै, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चलचित्रबाट कुनै एक चलचित्रलाई 'अन्तर्राष्ट्रिय चलचित्र समाज महासङ्घ' को तर्फबाट 'डन कि होते' शीर्षकमा पुरस्कार प्रदान गरिनेछ ।

नेपाली प्रतिस्पर्धाअन्तर्गत उत्कृष्ट चलचित्रलाई एक लाख नगद र ट्रफी, उत्कृष्ट छोटो चलचित्र र उत्कृष्ट वृत्तचित्रलाई रू ५०/५० हजार नगद र ट्रफी प्रदान गरिनेछ । महोत्सवमा सर्वोत्कृष्ट अन्तर्राष्ट्रिय वृत्तचित्रलाई एक हजार डलर राशिको 'माउन्ट एभरेस्ट अवार्ड' र सर्वोत्कृष्ट अन्तर्राष्ट्रिय लघुचलचित्रलाई पाँच सय डलरको 'बागमती अवार्ड' प्रदान गरिनेछ । एआई प्रविधिको चलचित्रलाई पाँच सय अमेरिकी डलरको 'मञ्जुश्री अवार्ड' प्रदान गरिने आयोजकले जनाएको छ ।रासस

# "समानुपातिक र समावेशी प्रतिनिधित्व सुनिश्चित गर्दै निर्वाचन प्रणाली सुधार्नुपर्छ"

काभ्रेपलाञ्चोक । नेपालको विद्यमान निर्वाचन प्रणालीले समावेशी, समानुपातिक प्रतिनिधित्वको न्यायोचित व्यवस्थापन र स्थायित्वका दृष्टिले अपेक्षित नतिजा दिन नसकेको भन्दै यसलाई सुधार गर्नुपर्ने आवश्यकता औँल्याइएको छ । संवैधानिक व्यवस्थाअनुसार मिश्रित निर्वाचन प्रणाली कार्यान्वयनमा आएको एक दशक नपुग्दै यसका सकारात्मक पक्षभन्दा कमजोरी देखाएर परिवर्तनको माग उठ्न थालेको हो ।

युरोपियन युनियन र इन्टरनेसनल आइडिइएको सहयोगमा संसदीय मामिला पत्रकार समाजले यहाँ आयोजना गरेको 'नेपालमा निर्वाचन प्रणाली सुधार' विषयक अन्तरक्रियाका वक्ताहरूले हालको निर्वाचन प्रणालीबाट कुनै पनि दलको स्पष्ट बहुमत नआउने अवस्था सिर्जना हुँदा राजनीतिक अस्थिरता बढ्दै गएकाले यसमा संशोधन आवश्यक रहेको धारणा राख्नुभयो ।

वक्ताहरूले विद्यमान निर्वाचन प्रणालीले सबै जाति, वर्ग, लिङ्ग र क्षेत्रका नागरिकहरूको समान प्रतिनिधित्व सुनिश्चित गर्न नसकेको, सीमान्तकृत समुदाय र महिलाहरूको सहभागिता सीमित हुँदा राजनीतिक सशक्तीकरणमा असमानता देखिएकोलगायत विषयमा टिप्पणी गर्नुभयो । कुनै पनि दलको एकल बहुमत नहुँदा सरकारको अस्थिरता, कार्यसम्पादनमा समस्या र विश्वासको कमीजस्ता समस्याले निर्वाचन प्रणालीलाई सुधार्नुपर्नेमा वक्ताहरूले जोड दिए ।

नेपाली कांग्रेसका सांसद हृदयराम थानीले सत्तासीन ठूला दलहरूबीच संविधान संशोधनबारे सहमति भए पनि के-के कुरामा कस्तो संशोधन हुन्छ भन्ने स्पष्ट खाका आउन नसकेको बताउनुभयो । निर्वाचन प्रक्रियाबारे पनि अस्पष्टता देखिएको उहाँको भनाइ छ । "स्थिर सरकार बन्न नसक्दा विकास निर्माणले गति लिन सकेको छैन । यसले नागरिकमा राजनीतिक दलप्रति वितृष्णा बढाएको छ तर पूर्ण समानुपातिक प्रणालीमा जाने हो भने जवाफदेहीयता र जिम्मेवारीको प्रश्न पनि उठ्छ । यी सबै विषयमा विमर्श गरी उचित निष्कर्ष निकाल्नुपर्छ", उहाँले भन्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद पूर्णबहादुर घर्तीले सङ्घीय प्रणालीमा समानुपातिक प्रणालीलाई कसरी प्रभावकारी बनाउने भन्नेमा थप छलफलको आवश्यकता रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "हाम्रो दलले पहिलेदेखि नै पूर्ण समानुपातिक प्रणालीको वकालत गर्दै आएको छ । सङ्घीय प्रणालीमा समानुपातिक प्रतिनिधित्वका लागि गहिरो छलफल आवश्यक छ ।" संविधान संशोधनमार्फत समानुपातिक प्रणालीलाई बलियो बनाउन आवश्यक रहेको घर्तीको भनाइ थियो ।

नेकपा (एमाले) की सांसद ईश्वरी घर्तीमगरले समानुपातिक प्रणालीले सीमान्तकृत समुदाय, महिला र अल्पसंख्यकलाई प्रतिनिधित्वको अवसर प्रदान गर्ने ठानिए पनि यथार्थमा समानुपातिक सांसदहरूप्रति हेर्ने दृष्टिकोण र गरिने व्यवहार फरक रहेको भोगाइ सुनाउनुभयो । यसलाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक रहेको उहाँको भनाइ थियो ।




> प्रत्येक मतको मूल्य सुनिश्चित गर्ने, समावेशी प्रतिनिधित्वमा ध्यान दिने, "डिजिटल" मतदान प्रणाली र मतदाता सचेतना कार्यक्रममार्फत पारदर्शिता बढाउने, सांसदहरुको योग्यता निर्धारण गर्ने, "राइट टू रिजेक्ट" र "राइट टू रिकल" जस्ता प्रावधान समावेश गर्नेलगायत विषयमा भने अझै छलफल र सुधार आवश्यक रहेको वक्ताहरुको भनाइ छ ।

नेपालमा विभिन्न निर्वाचन क्षेत्रमा मतदाताको संख्या असमान भएकाले मतदाताहरूको मतको मूल्यलाई असमान बनाउने भन्दै जनसंख्या र भूगोलअनुसार निर्वाचन क्षेत्रको पुनःसंरचना गर्नुपर्नेमा सांसद घर्तीमगरले जोड दिनुभयो । "निर्वाचनमा नागरिकको सहभागिता घट्दै गएको छ । मतदाताको विश्वास जित्नका लागि निर्वाचन क्षेत्रको पुनः संरचना र पारदर्शी प्रणालीको आवश्यकता छ", उहाँले भन्नुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद डा तोषिमा कार्कीले स्थिर सरकारका लागि निर्वाचन प्रणालीमा सुधार अपरिहार्य रहेको बताउनुभयो । "स्थिर सरकार बनाउन, समानुपातिक र समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न र नागरिकलाई प्रभावकारी सेवा प्रदान गर्न संविधान संशोधनको आवश्यकता छ । मतदान प्रक्रियामा 'राइट टू रिजेक्ट' जस्ता प्रावधान समावेश गर्नुपर्छ", उहाँले भन्नुभयो ।

निर्वाचन प्रणालीमा भन्दा राजनीतिक दलहरूको कार्यशैली र प्रवृत्तिमा समस्या रहेको पनि वक्ताहरूको बुझाइ थियो । पूर्ण समानुपातिक प्रणाली लागू गर्दा केही जोखिम हुनसक्ने उल्लेख गर्दै जनता समाजवादी पार्टीकी सांसद रेखा यादवले भन्नुभयो, "म पूर्ण समानुपातिक प्रणाली लागू हुनुपर्छ भन्नेमा विश्वास राख्छु तर मिश्रित प्रणाली हुँदा विकृत हुने तर समानुपातिक प्रणाली हुँदा विकृत नहुने भन्ने आधार के छ ? समानुपातिक प्रणालीमा पनि दलका नेताहरूले आफूले चाहेको मान्छेलाई सांसद बनाउने सम्भावना रहन्छ । यसबारेमा सचेत हुनुपर्छ ।"

प्रत्येक मतको मूल्य सुनिश्चित गर्ने, समावेशी प्रतिनिधित्वमा ध्यान दिने, 'डिजिटल' मतदान प्रणाली र मतदाता सचेतना कार्यक्रममार्फत पारदर्शिता बढाउने, सांसदहरूको योग्यता निर्धारण गर्ने, 'राइट टू रिजेक्ट' र 'राइट टू रिकल' जस्ता प्रावधान समावेश गर्नेलगायत विषयमा भने अझै छलफल र सुधार आवश्यक रहेको वक्ताहरूको भनाइ छ । दीर्घकालीन स्थिरता र लोकतन्त्र सुदृढ बनाउन संविधान संशोधनका लागि ठोस रणनीति तयार गर्नुपर्नेमा पनि उहाँहरूले जोड दिनुभयो ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन व्यवस्थापन प्रणालीमा सुधार आवश्यक भए पनि निर्वाचन प्रणालीमा नै परिवर्तन गर्ने विषयमा आफू सहमत हुन नसक्ने बताउनुभयो । "संसारको सबैभन्दा उत्कृष्ट प्रणाली भनेर प्रयोगमा ल्याइएको हाम्रो निर्वाचन प्रणाली कसका कारणले आलोचित भयो र किन यसलाई संशोधन गर्ने भनेर कुरा गरिरहेका छौँ ?", प्रश्न गर्दै उहाँले भन्नुभयो, "अहिलेको निर्वाचन प्रणालीमा के समस्या भयो र यसलाई परिवर्तन गर्नुपर्ने भयो ? यसबारे कुनै अध्ययन भएको देखिँदैन । विस्तृत अध्ययन नभई निर्वाचन प्रणाली फेर्ने भनेर छलफल चलाइनु राम्रो होइन । निर्वाचन प्रणाली बारम्बार परिवर्तन गर्नुहुँदैन ।"

राष्ट्रिय दल र प्रादेशिक दल हुनका लागि विभिन्न सूचकहरूसहितको ' थ्रेसहोल्ड'सहित नयाँ कानुनको तयारी भइरहेको पनि प्रमुख निर्वाचन आयुक्त थपलियाले बताउनुभयो । "राष्ट्रिय दल हुनका लागि राष्ट्रव्यापी संरचना, कम्तीमा तीनवटा प्रदेशबाट प्रतिनिधित्व हुनुपर्नेलगायत समावेशी चरित्र छ वा छैन भनेर सूचकसहित नयाँ कानुन बन्ने क्रममा छ", उहाँले भन्नुभयो । हालको निर्वाचन प्रणाली संशोधन गर्नुपर्ने माग गर्नुका पछाडि स्थिर सरकार बनेन, समावेशिताको उचित कार्यान्वयन भएन, बढी खर्चिलो भयो, राजनीतिक दलमा स्थिरता र सबलीकरण भएन भन्नेलगायत कारण देखाइने गरेकामा यी विषयलाई निर्वाचन प्रणाली परिवर्तन गर्नेभन्दा पनि निर्वाचन व्यवस्थापन सुधार गरेर नतिजा दिन सकिने उहाँको भनाइ छ ।

पूर्वनिर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीले भने नेपालको निर्वाचन प्रणालीलाई पूर्ण समानुपातिक प्रणालीतर्फ रूपान्तरण गर्नुपर्नेमा जोड दिनुभयो । "समानुपातिक र समावेशी प्रणालीलाई बेवास्ता गरेर जान सकिँदैन । संविधान संशोधन गर्दा पनि समानुपातिक र समावेशी प्रणालीलाई प्राथमिकता दिनुपर्छ ।रासस

# 'नागरिकको सहयोग बिना सुरक्षित समाज निर्माण हुन सक्दैन'

काठमाण्डु । काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक टेकबहादुर तामाङले नागरिकको सहयोग बिना सुरक्षित समाज निर्माण हुन नसक्ने बताउनुभएको छ ।

सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र टुँडालदेवीले शनिबार यहाँ आयोजना गरेको सुरक्षासम्बन्धी अन्तरक्रियामा उहाँले सुरक्षित समाज निर्माणका लागि प्रहरी र नागरिकबीच हातेमालो आवश्यक रहेको बताउनुभयो ।

अतिरिक्त महानिरीक्षक तामाङले समाजमा शान्ति, सुरक्षा कायम गर्नुका साथै कुरीति र बिसङ्गति अन्त्य गर्न नागरिकको भूमिका पुलको रूपमा रहेको औँलयाउँदै प्रहरी र नागरिकबीच सहकार्य र समन्वय हुनुपर्नेमा जोड दिनुभयो ।

> जिल्ला प्रहरी परिसर काठमाडौँका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक वसन्त रजौरेले अपराध नियन्त्रण र अनुसन्धानकार्यमा सहयोग गर्न नागरिकलाई अनुरोध गर्नुभयो ।



शान्तिपूर्ण र सुरक्षित समाजका लागि सामुदायिक-प्रहरी साझेदारीको अवधारणा बमोजिम सामुदाय र प्रहरी एकजुट भई अगाडि बढ्नुपर्ने उहाँले धारणा राख्नुभयो । "प्रहरीलाई सूचना दिने तथा गलत प्रवृति देखेमा त्यसलाई नियन्त्रण गर्न नागरिकको सुझाव तथा सल्लाह आवश्यक छ", उहाँले भन्नुभयो ।


जिल्ला प्रहरी परिसर काठमाडौँका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक वसन्त रजौरेले अपराध नियन्त्रण र अनुसन्धानकार्यमा सहयोग गर्न नागरिकलाई अनुरोध गर्नुभयो । उहाँले प्रहरी र नागरिकले एकआपसमा सहयोग, सहकार्य र समन्वयले मात्र समाजमा शान्ति सुरक्षा थप मजबुत हुने धारणा राख्नुभयो । सामुदायिक सेवा केन्द्र टुँडालदेवीका अध्यक्ष रामप्रसाद न्यौपानेले समुदाय र प्रहरीको सहकार्यले मात्र आपराधिक घटना न्यूनीकरण गर्न सकिने बताउनुभयो । अन्तरक्रियामा शान्ति सुरक्षा, सडक सुरक्षा, लागुऔषध दुव्यर्सनी न्यूनीकरणका विषयमा जिज्ञासा र गुनासो राखिएको थियो ।रासस


मधेश प्रदेश सरकार
गृह, सञ्चार तथा कानून मन्त्रालय
आमसञ्चार प्राधिकरण
जनकपुरधाम, नेपाल

**सूची दर्ता तथा अपुग कागजात बुझाउनेबारे सूचना**

मधेश प्रदेश लोक कल्याणकारी विज्ञापन कार्यविधी, २०७९ अनुसार लोककल्याणकारी विज्ञापनका लागि सूचीकरण गराउन मिति २०८१।०८।१७ गते र म्याद थप सूचना २०८१।०८।०४ गते गरी दुई पटक सूचना जारी गरिए पनि केही सञ्चारमाध्यम सूचीकरण गराउन छुट हुन गएको तथा अधिकांशको कर चुक्ता, नवीकरण लगायतका कागजातहरु अपुग रहेको हुँदा सो सम्बन्धमा लोककल्याणकारी विज्ञापन सिफारिस समितिको मिति २०८१।१०।०४ गते बसेको बैठकको निर्णय अनुसार सूची दर्ता गराउन तथा कागजात बुझाउन मिति २०८१।१०।१५ गतेसम्मका लागि थप १० दिनको समय दिने निर्णय गरेको छ । सोही बमोजिम अनिवार्य रुपमा तोकिएकै समयभित्र सूची दर्ता तथा अपुग कागजात बुझाउनु हुन अनुरोध छ । अन्यथा आ.व. २०८१/०८२ को लोककल्याणकारी विज्ञापन उपलब्ध गराउन बाध्य नहुने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

प्रशासकीय प्रमुख



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# मधेश शब्दभित्रको अवयब

मधेश आन्दोलनको १८ वर्षको दिनचर्यामा मधेश शब्दभित्रको अवयबले मूर्त रुप लिन नारा , भाषण , सत्ताका लागि दौडधुपको बाहुल्य छ । झण्डै ३६ प्रतिशत जनसंख्या भएको समुदायको पहिचानको आन्दोलनको बलमा स्थापना भएको संघीयतालाई उपलब्धिका रुपमा लिइए पनि संघीयताको जननी भएको वातावरणको पर्खाइ छ । आन्दोलनकारी को माग संघीयता अर्थात आफ्नो शासन , प्रशासन , समग्र मधेश एक प्रदेश मध्ये आंशिक रुपले मागले साकार रुप ग्रहण गरेको छ । मधेशले संघीयताको जननीको उपमा पाए पनि समग्र मधेश एक प्रदेशको माग आठ जिल्लामा सीमित छ । समावेशी समानुपातिक व्यवस्थाको माध्यमले राज्यको हरेक निकायमा सीमान्तकृत अस्तित्व र जनसंख्याको अनुपातमा सयन्त्रमा उपस्थितिको सवालको सुखद उत्तर छैन । राज्यशक्ति, अगाडि लम्पसार पर्ने प्रवृीत्तलेआक्रान्त अगुवाहरुको मनोविज्ञानका कारण आत्मसमर्पणको गाथाको अध्याय सोचनीय छ । मधेश आन्दोलनले मधेशीको अस्तित्वलाई उपहासका रुपमा दिने शासकहरुमा निरंकुश , दासत्वको भावमा धावालाई मूल्यांकनको तथ्यमा स्वीकारयोग्य देखिन्छ । तर पनि मधेश शब्दले संविधानमा उल्लेख नभएको कटु सत्यलाई अगुवाहरले बेला बेलामा उठान गरे पनि मधेश खण्डित भइ आठ जिल्लामा समेटन पुगेको मधेशवादको नारा अगुवाहरुको भाषणको विषय मात्र हुन पुगेको छ । मधेश आन्दोलन अन्तर्गत राज्यसत्तासँगको लडाइमा आममधेशी जनताले आन्दोलनको बेला भएको आफ्ना सारा उर्जा आन्दोलनमा लगाएका थिए । अगुवाहरुको चुकका कारण संविधान संशोधनको मुद्दा न्याय पाउनबाट बञ्चित नै छ । भूराजनीतिक भुमरीमा परेका मधेशवादी नेताहरु मधेश आन्दोलनका शहीदका नाम जपेर राजनीति गरिरहेका छन् । शहीदको सपना , शहीद परिवारको अवस्थाबारे ध्यान दिनुभन्दा पनि दलीय स्वार्थ , सत्ता प्राप्ति , जातिपाति , विभेद ,मपाइ , महत्वकांक्षा , विज्ञता , भ्रष्टचार गर्नमा लिप्त देखिएका छन् । सत्तालाई धन आर्जन गर्ने थलोका रुपमा रुपान्तरण गर्ने मधेशवादी नेताहरुले सिद्धान्तलाई नै बजारीकरण गरिसकेका छन् । संविधानको प्रस्तावनामा संघीयताको जननीरुपी मधेश आन्दोलन शब्द लेखाउन नसक्ने मधेशवादी नेताहरुले आन्दोलनका बेला भएका हत्याकाण्डहरुको छानबिन गर्न गठित उच्च स्तरीय जाँच आयोगको प्रतिवेदनसम्म सार्वजनिक गराउन सकेकको विडम्बनापूर्ण अवस्था छ । मधेश विद्रोहको मागको सम्बोधन भन्दा पनि अधिकारको लडाइ सत्ता प्राप्तिका लागि जस्तोसुकै गठबन्धनलाई समर्थन , सहयोगको भूमिका निर्वाहमा केन्द्रित हुनु मधेश आन्दोलनको मागलाई विसर्जन गर्नु सरह भएको छ । संविधान पुनः लेखन गर्नु मागकर्ता संकीर्णताको घेराबन्दीमा छन् । अधिकारको लडाइ बिर्सेका छन । मधेशआन्दोलन पश्चात जन्म भएका दलहरु कायकर्ता , नेताहरुको असन्तुष्टिबाट आक्रान्त छन् । यी क्रियाकलापहरुले बलिदानी खेर जाने शंका उपशंका अवस्था उत्पन्न हुनु चिन्ताको विषय हो- संविधान संशोधनको मुद्दा मजाकको विषय वस्तु होइन हेक्का राख्नु आवश्यक छ ।

### संविधान संशोधन :

# मधेशकेन्द्रीत दलको लागि अवसर कि अस्तित्वमाथि संकट



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

उहिले, साना नानानानीलाई हजुरआमाले विभिन्न किसिमका रोचक कथाहरु सुनाएर मन बहुलाउने गर्दथ्यो । भनिन्छ, हजुरआमाको सानिध्य पाएका केटाकेटी मानसिक रुपले स्वस्थ्य हुन्छन । २०४७ सालमा प्रजातन्त्रको पुनः स्थापनापछि शीर्ष नेताहरु नेपाललाई स्वीटजरलेण्ड बनाउने, पन्द्रह बर्षभित्रै मुलुकलाई एशियाकै विकसित राष्ट्रको सूचीमा पुऱ्याउने भनेर हजुरआमाकी शैलीमा रोचक कथाजस्तै सपना बाँडेर सर्वसाधारण जनताको मन बहुलाउने गरेका थिए । त्यो मन बहुलाउने शैली क्रमिक रुपमा अव, संविधानसभाबाट निर्मित संविधान, गाउगाउमा सिँहदरवार हुँदै संविधान संशोधनको प्रसङ्गको रुपमा देखापरेको छ ।


दोश्रो जनआन्दोलनपछि संविधानसभाबाट निर्मित संविधान 'जनताको संविधान' हो भनेर व्यापक रुपमा प्रचार गरिएको थियो । संविधान जारीपछि विश्वकै उत्कृष्ट संविधानको रुपमा घोषणा गरिएको थियो । त्यो बेला दलका साथै राजनीतिज्ञ विज्ञहरु अव, मुलुकको भविष्य उज्जवल हुने र सरकारले स्थायित्व ग्रहण गर्ने, समावेशी सिद्धान्तको आधारमा सवै वर्ग र समुदाय राष्ट्रको मूलधारमा समाहित हुने उद्घोष गरेका थिए । मधेशकेन्द्रीत दल संविधान निर्माण हुन लाग्दा संसद् छोडेर सडक आन्दोलनमा उत्रेका थिए । अचेल, सोही संविधानअन्तर्गत निर्वाचन आयोग २०७४मा उल्लेख गरिएका समानुपातिक निर्वाचन प्रणालीमा एमाले-काँग्रेसको सरकारले संशोधनमा लागि तत्परता देखाइरहेका छन् ।

२०७२मा जारी संविधानमार्फत २०७४मा सम्पन्न निर्वाचनमा एमाले र माओवादीकेन्द्र मिलेर चुनाव लडेपछि प्रतिनिधिसभामा झण्डै दुई तिहाई बहुमत पाएको थियो । सर्वसाधारण जनताले अव, मुलुकमा सरकारले स्थायित्व पाउने छ भनेर विश्वस्त देखिन्थे । ओली प्रधानमन्त्री नियुक्त हुनासाथ ठूल्ठुला परियोजना निर्माणका साथै घरघरमा ग्यासको पाइप विछ्याउने, पानीजहाज चलाउने, काठमाडौंमा रेल कुदाउनेजस्ता प्रतिबद्धता सुनेर जनता प्रफुल्लित हुन्थ्यो । तर, विश्वसनीयतामाथि आशङ्का प्रकट गर्दथे । नेपाललाई स्वीटरलेण्ड बनाउने सपना त २०५२ सालमैं विलुप्त भए । विस्तारै विस्तारै नेपाल त मजदुर निकासी 'लेण्ड'को रुपमा परिवर्तित भयो । मुलुकको रोजगार क्षेत्र धराशायी भइसकेका छन् । सामान आयातमा लाग्ने करका साथै जनतालाई सामान्य सिफारिसका लागि पनि दस्तुर तिर्नु परेको छ । विप्रेश्नसहित सतही करको बलमा मुलुकको अर्थतन्त्र टिकेको छ । यदि, वैदेशिक रोजगारमा प्रतिकूल असर पर्‍यो भने मुलुकको अर्थतन्त्रमापर्ने प्रतिकूल असरबाट कसरी जोगिने सम्बन्धमा कुनै किसिमको पूवृतयारीको सन्दर्भमा योजना तयारपार्नु त टाढाको विषयहो, ति विषयमा नेतृत्वकर्ता दृष्टिपनि पुऱ्याउन नसकेको देखिन्छ । अहिलेपनि शैलीबद्ध भाषण दिएर अमेरिका र भारतको विरुद्धमा बोलेर जनतालाई बरगलाउने सोचाईमै केन्द्रीत देखिन्छ ।

कृषि क्षेत्रको उत्थानका लागि सरकारले अर्बो रुपैयाँ अनुदानको रुपमा वितरण गरेपनि भारतबाट खाद्यान र तरकारी आयात गर्नुपर्ने अवस्था विद्यमान नै छ । कृषि क्षेत्रमा सरकारको लगानी बालुवामा पानी सरह भएको छ । सरकारको अनुदानबाट किसान लाभान्वित भएको भए कृषि क्षेत्रमा परनिर्भरताको अन्त्य हुने थियो । कोशी प्रदेशको धनकुटा, तेह्रथुम, इलाम, पाँचथर र ताप्लेजुङमा अलेची, चिया, दूध, बेमौंसमी काउली र अदुवा भारतलगायत तेस्रो मुलुकतर्फ निकासी हुँदा सामान्य राहतको अनुभूति गराइरहेको भएपनि समग्र रुपमा हेर्दा आयातमैं निर्भर हुनुपरेको छ । सरकारले जति अनुदान दिएपनि वास्तविक किसानको हात रकम कति पुग्ने गरेको छ भन्ने सम्बन्धमा इमान्दारितापूर्वक अनुसन्धान हुनुपर्छ ।

ओली नेतृत्वको सरकारले ६ महिनाको कार्यकाल पुरा गरेको छ । वितेको अवधिमा सरकारले खासै उपलधिमूलक महत्वपूर्ण कार्य नगरेको विपक्षी दलको आरोप छ । सरकार हरेक क्षेत्रमा असफल रहेको भनेर माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले पटक पटक प्रतिक्रिया दिँदै ओलीलाई घेर्ने प्रयास गरेका छन् । प्रधानमन्त्री ओली स्वयं सरकारको कामकाजप्रति असन्तुष्टि व्यक्त गरेका छन् ।

२०७४को निर्वाचनपछि पाँच बर्षको अवधि पुरा गर्दा, साढे तीन बर्ष ओली र करिव डेढ बर्ष देउवा प्रधानमन्त्री पदमा आसिन भएका थिए । तर, पाँच बर्षभित्र सत्ताधारी नेपाल कम्युनिष्ट पार्टीभित्र ओलीविरुद्ध, प्रचण्ड र माधव नेपालको राजनीतिक द्वन्द्व र संविधानको गलत ढङ्गको व्याख्या देखेर जनतामा एक किसिमले व्यवस्था प्रतिनै वितृष्णा उत्पन्न हुन थालेको थियो । २०७९को निर्वाचनपछि ओलीले प्रचण्डलाई प्रधानमन्त्री बनाउनमा अहम भूमिका निर्वाह गरेको थियो । शेरबहादुर देउवा प्रधानमन्त्री बन्ने लगभग निश्चित भइसकेको अवस्था थियो । ओलीले भाँजो खेलेपछि प्रतिनिधिसभाको तेस्रो स्थानमा रहेका माओवादी केन्द्रले सरकारको नेतृत्वको अवसर प्राप्त गर्‍यो । सवैभन्दा ठूला दल काँग्रेसलाई प्रतिपक्षमा बस्नु पर्‍यो भने दोश्रो ठूला दल एमाले मन्त्री पदमैं सन्तुष्ट भए । तर, प्रचण्ड




चार महिनाभित्रैं एमालेलाई सरकारबाट निस्कन बाँध्य पार्‍यो । प्रचण्डले २०६६जस्तै, आफ्नो शक्तिको दुरुपयोग गरेको आरोप लाग्यो । त्यो वेलामा मधेशी जनअधिकार फोरमको समर्थन लिएर सरकार बनाएका थिए । २०७९मा उनले एमालेको समर्थन पाएर प्रधानमन्त्री भएका थिए । प्रचण्डले सार्वभौमसत्ता आफूमैं निहित रहेको सम्झेर दबङ्ग प्रधानमन्त्रीको रुपमा सरकारको नेतृत्वमा पुऱ्याएका एमालेलाई सरकारबाट बाहिर निस्कन बाध्य मात्रै पारेन कि उनको राष्ट्रपतिको उम्मेद्वार सुवाषचन्द्र नेम्वाङलाई हराउनमा निर्णायक भूमिका खेल्यो । एक बर्ष वित्नासाथ प्रचण्डले पुनः कोल्टो फेर्दै एमालेलाई सरकारमा सहभागी गराएका थिए । पाँच महिना नवित्दै काँग्रेस र एमाले मिलेर सरकार बनाए ।माओवादी केन्द्रलाई प्रतिपक्षमा बस्नु पर्‍यो ।

प्रतिनिधिसभामा कुनैपनि दल बहुमतनजिक पनि पुग्न नसकेको कारण सरकारले स्थायित्व ग्रहण गर्न नसकेको भनेर अधिकांसको सोचाई छ । प्रतिनिधिसभामा कुनैपनि दललाई बहुमतनजिक पनि पुग्न मुख्य कारण समानुपातिक प्रणाली नै हुन् । प्रत्यक्षतर्फ, एक सिट जितेर समानुपातिक प्रणालीको आधारमा तीन प्रतिशत मत कटाएका छन् भने कमसेकम चार जना साँसद बन्न शौंभाग्य पाउँछन् । तसर्थ, सो कारणले समानुपातिक प्रणालीकै कारण दलहरु बहुमत पाउन नसकेको रुपमा व्याख्या गरिन्छ । ओलीलाई प्रधानमन्त्री पदमा समर्थनको मुख्य कारणको रुपमा काँग्रेस सभापति शेरबहादुर देउवाले समानुपातिक प्रणाली हटाउनलगायतका विषयमा संविधान संशोधन गर्नुपर्ने देखिएकाले ओलीलाई समर्थन गरिएको भनेर उतिखेर, प्रतिक्रिया दिएका थिए ।

भनिन्छ, सर्वसाधारणको ध्यान मोडिनका लागि ठूला दलको बर्चस्व सधैं कायम राख्ने उद्देश्यले वशिभूत भएर समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत प्रतिनिधिसभा र प्रदेशसभाको निर्धारित सीमा तीन र डेढ प्रतिशतलाई बढाएर पाँच र तीन प्रतिशत पुऱ्याउने सरकारले रणनीति बनाएको हो । गृह मन्त्रालयले थ्रेसहोल्ड बढाउनका लागि संविधान संशोधनको मस्यौंदा सहमतिका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाएका छन् ।

अव, सो मन्त्रालयले आफ्नो प्रक्रिया पुरा गरी गृहमन्त्रालयमा पठाउनेछ । यदि, सरकारले संशोधनको प्रक्रिया अगाडि बढाउन खोज्यो भने गृहमन्त्रालयले मन्त्रिपरिषदमा सो मस्यौंदा पेश गर्नेछन् । मन्त्रिपरिषदबाट पारितपछि विधेयकको रुपमा संसदमा पेश हुनेछ । एक महिनाको लागि सो विधेयक सार्वजनिक बहशको विषय बन्नेछन् ।

**संशोधन सम्भव छ त ?**

स्पष्ट रुपमा भन्नुपर्दा, संविधान संशोधन त्यति सहज छैन् । संविधान संशोधनको प्रस्तावलाई प्रतिनिधिसभा र राष्ट्रियसभामा बेग्लाबेग्लै दुई तिहाई बहुमतले पारित गराउनुपर्छ । सो प्रस्तावलाई पारित गराउनका लागि मतदान भयो भने दुई तिहाई अर्थात २७५ सदस्यको १८४ जना सदस्यको समर्थन चाहिन्छ । काँग्रेसको ८८ र एमालेको ७८ गरी १६६ जना साँसद मात्र पुग्छ । अव, बहुमतका लागि सरकारका समर्थित दल जसपा नेपाल, जसपा, लोसपा र जनमत पार्टीले समर्थन ग्रयो भने दुई तिहाई पुग्छ । अव प्रश्न उठ्छ कि यि मधेशकेन्द्रीत दलहरु आफ्नै खुट्टामा बन्चरो प्रहार किन गर्छन् ? यी साना दलले समर्थन नगरेपछि विपक्षी माओवादी केन्द्र वा राष्ट्रिय स्वतन्त्र पार्टीको सहयोग लिनुपर्छ । मानौं, येनकेन प्रकारेण प्रतिनिधिसभाबाट पारित भएपनि राष्ट्रियसभामा झन कठिनाइ हुने देखिन्छ । राष्ट्रियसभाको ५९सदस्यमध्ये प्रस्तावलाई पारित गराउनका लागि ४० जना सदस्यको समर्थन चाहिन्छ । काँग्रेसको १६ र एमाले १२ गरी २८ सदस्यमात्रै पुग्छ । त्यहाँपनि माओवादी कै समर्थन चाहिन्छ । माओवादीले समर्थन गर्छ भनेर पत्यारगर्न मुश्किल छ ।

संसद्मा प्रतिनिधित्वगर्ने दलको नजरमा जनसरोकारको विषय छ भने सत्तापक्ष र प्रतिपक्ष मिलेर सर्वसम्मतबाट संविधान संशोधन गर्न सक्छन् । अहिलेको सरकारलाई विपक्षीको सहयोगबेगर दुई तिहाई पुग्दैन । दुई तिहाई नपुग्ने थाहा हुँदाहुँदै संविधान संशोधनको तयारी गरेको देख्दा जनतालाई सरकारले केही ठोस कार्य गरिरहेको देखाउन खोजेको रुपमा मात्र व्याख्या गर्न सकिन्छ ।

समानुपातिक निर्वाचन प्रणालीले पार्टी अध्यक्षको वजन बढाएको छ । किनभने, सो प्रणालीको सूची निर्माणमा अध्यक्षको निर्णायक भूमिका हुन्छ । समानुपातिकबाट साँसद बनेका व्यक्तिले अलिकति पनि अध्यक्षको इच्छाविपरीत कार्य गर्‍यो भने संसदबाट फिर्ता बुलाउने संवैधानिक अधिकारपनि अध्यक्षले पाएका छन् । यो प्रणालीको उपयोग गरी कतिपय पार्टी अध्यक्षले विगतमा आफ्ना नातेदार, इष्टमित्र र आर्थिक सहयोगगर्ने व्यक्तिलाई साँसद बनाएका छन् । ठूला राजनीतिक दलले यस्तो सुन्दर व्यवस्थालाई हटाउने होइन कि झन् बढी आफ्नो पक्षमा भागिदारी बढाउने मनसाय राखेर थ्रेसहोल्डको सीमा बढाउन लागेको देखिन्छ ।

**थ्रेसहोल्डको सीमाको असर**

यदि, थ्रेसहोल्डको सीमा बढाइन्छ भने साना दलका साथै मधेशकेन्द्रीत दललाई नोक्सानी बेहोर्नु पर्छ भनेर सतही रुपमा व्याख्या गरिन्छ । प्रत्यक्षतर्फ एक सिट जितेपनि निर्धारित थ्रेसहोल्डको सीमा कटाउन सकेन् भने समानुपातिक प्रणालीको लाभबाट बञ्चित हुनुपर्छ । एकीकृत समाजवादीले १० सिट जितेपनि थ्रेसहोल्डको सीमा कटाउन नसक्दा कम्तिमा चार सिट गुमाउनु पर्‍यो । सोही कारणले साना एवम् मधेशकेन्द्रीत दल थ्रेसहोल्डको सीमा बढाउने सरकारको विधेयकको चर्चाले हतोत्साहित भएको बुझिन्छ ।

यदि, साना दल र मधेशकेन्द्रीत दल मोर्चा वा एउटै पार्टीमा एक्यबद्ध भएर चुनाव लड्यो भने ठूला दललाई हानी हुने देखिन्छ । जनसङ्ख्याको चापलाई दृष्टिगत गर्दा उपत्यकाका साथै तराईका जिल्लामा पहाडी जिल्लाको तुलनामा जनसङ्ख्या थपिँने क्रम रोकिएको छैन् । तराईमा जनसङ्ख्या बृद्धिको अत्यधिक फाईदा मधेशकेन्द्रीत दललाई भयो भने प्रत्यक्षतर्फ सिटमा बृद्धिका साथै समानुपातिक प्रणालीको सिटमा पनि बढोत्तरी हुनेछ । मधेशमा जसरी मधेशकेन्द्रीत दल विभक्त हुँदा समानुपातिकको मत विभाजन भयो । २०७९को निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले बढी काँग्रेसको र एमालेको एकीकृत समाजवादी पार्टीले समानुपातिक मत बढी काटेको विगतको समानुपातिक निर्वाचन प्रणालीको मतको आधारमा सहज ढङ्गले बुझिन्छ ।२०७४को निर्वाचनमा समानुपातिकतर्फ एमालेले ३४.२४, काँग्रेसले ३२.७७ माओवादीले १३.६५ मत पाएको थियो । २०७९को निर्वाचनमा समानुपातिकतर्फ कुल सदरमतमा एमालेले ३०.६९ प्रतिशत, काँग्रेसले २ ९.२९ प्रतिशत, माओवादीले १२.६८ प्रतिशत, राष्ट्रिय स्वतन्त्र पार्टीले १२.१९ प्रतिशत र राष्ट्रिय प्रजातन्त्र पार्टीले ६.२५ प्रतिशत मत पाएका थिए ।

त्यस्तै, जनता समाजवादी पार्टीले ४.५४ प्रतिशत र जनमत पार्टीले ४.२६ प्रतिशत पाएको थिए । स्पष्ट रुपमा एमालेको करिव चार प्रतिशत, काँग्रेसको साढे तीन प्रतिशत र एक प्रतिशत मत माओवादीको राष्ट्रिय स्वतन्त्र पार्टी र एकीकृत समाजवादी पार्टी तान्न सफल भयो । यस्तो अवस्थामा मधेशकेन्द्रीत दल एक भयो । रास्वपाको प्रभाव बढ्यो भने काँग्रेस र एमालेलाई धेरै ठूलो झड्का लाग्ने सम्भावना छ । राष्ट्रिय स्वतन्त्र पार्टीलाई खासगरी, मधेश प्रदेश र कोशी प्रदेशमा आफ्नो प्रभाव बनाउनमा समय लाग्नेछ ।

मुलुकमा संविधान जारीपछि सरकार बनाउने र हटाउने खेलमैं मुख्य दलहरु बढी सक्रिय रह्यो । तसर्थ, काँग्रेस, एमाले र माओवादीकेन्द्रले जनताको मन जित्ने खालको कुनै लोकप्रिय कार्य नगरेको अधिकांस जनताको धारणा छ । सोही कारणले आउँदो निर्वाचन २०८४मा आफ्नो प्रभुत्व पुनः स्थापित गर्नका लागि मधेशकेन्द्रीत दलका लागि सुनौंलो अवसर हो । यदि, मधेशकेन्द्रीत दल अहङ्कारमै रह्यो भने आउँदो निर्वाचनमा सिट सङ्ख्या घट्ने निश्चित छ । यदि, मिलेर इमान्दारीपूर्वक चुनाव लड्यो भने २०८४को निर्वाचनपछि मधेशकेन्द्रीतबाट प्रधानमन्त्री हुनेछ । तसर्थ, समानुपातिकमा मत प्रतिशत बढ्न नदिन, यदि, बढ्यो भने साना दलहरुलाई एक्यबद्ध हुनुपर्छ ।

समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत दलहरुले निर्वाचन आयोगमा बन्द सूची पेश गर्दा दलित १३.८, आदिवासी जनजाति २८.७ खस आर्य ३१.२, मधेशी १५.३, थारु ६.६ र मुश्लिम ४.४ प्रतिशत उम्मेद्वारको नाम पेश गर्नुपर्छ । यस्तो सूचीमा समावेशी समूहबाट पचास प्रतिशत महिलाको नाम समेत समावेश गर्नुपर्ने प्रावधान छ ।

समानुपातिक प्रणाली इजरायलका साथै विभिन्न युरोपियन मुलुकमा छ । ति मुलुकहरुमा नेतृत्वकर्ताले व्यक्तिगत स्वार्थको रुपमा उपयोग नगर्दा वास्तविक व्यक्तिले अवसर पाउँछन् । नेपालमा यस प्रणालीको चरम दुरुपयोग भएको छ । पार्टीका नेतृत्वकर्ताको पक्षपातपूर्ण व्यवहार छ । तसर्थ, समानुपातिक प्रणालीको सिट सङ्ख्यालाई राष्ट्रियसभा समावेश गर्दा उपयुक्त हुने देखिन्छ । 'इतिश्री'

# बैंकमा तरलता, बजारमा मिटरब्याज



डा. होमनाथ गैरे

गत पुस २४ गते नेपाल राष्ट्र बैंकले मुलुकको वित्तीय प्रणालीबाट ८० अर्ब रूपैयाँ खिचेर आफ्नो ढुकुटीमा राखेको समाचार आयो।

बैंक तथा वित्तीय संस्थामा रहेको लगानीयोग्य रकम (तरलता) बाट कर्जा वा सापटी लिने ग्राहक (ऋणी) नआएपछि ब्याजदरमा चाप पर्ने हुन्छ। यस्तै अवस्था देखिएपछि केन्द्रीय बैंकले बैंकिङ प्रणालीबाट उक्त परिमाणको नगद उठाएको हो।

विगत केही महिनादेखि केन्द्रीय बैंकले हरेक हप्ताजसो बैंकिङ प्रणालीबाट नगद उठाउँदै आएको छ। अर्थतन्त्रमा तरल सम्पत्ति वा नगदको उचित मात्रा व्यवस्थापन गर्न राष्ट्र बैंकले विभिन्न मौद्रिक औजार प्रयोगबाट बजारमा बढी भएको नगद खिचेर आफ्नो ढुकुटीमा राख्छ। त्यस्तो नगद आवश्यकता अनुसार बजारमा पठाउँछ।

खासगरी एक महिनाभन्दा छोटो समयका लागि पैसा खिच्ने र प्रवाह गर्ने गरिन्छ। त्यसरी बजारबाट खिचिएको करिब डेढ खर्ब रूपैयाँ हाल राष्ट्र बैंकको ढुकुटीमा छ। राष्ट्र बैंकले सम्बन्धित बैंकलाई त्यसको ब्याज समेत तिरिरहेको छ।

विगत केही वर्षदेखि नेपालमा बैंकिङ प्रणालीको लगानीयोग्य रकम (तरलता) र ब्याजदर आर्थिक समाचारको प्रमुख विषय बन्ने गरेको छ। राष्ट्र बैंकले त्यति ठूलो परिमाणमा तरलता खिचेपछि वित्तीय सेवाको पहुँचका सन्दर्भमा व्याप्त विसंगति फेरि एकपटक सतहमा आएको छ।

करिब एक वर्षअघिसम्म बैंकिङ प्रणालीमा तरलता अभाव र ब्याजदरमा तीव्र उतारचढावले व्यावसायिक वातावरणमा प्रतिकूल असर गरेको विषय चर्चाको शिखरमा थियो।

त्यस बेला प्रणालीमा मागको तुलनामा तरलता आपूर्ति कम भई कर्जाको ब्याजदर बढेर दोहोरो अंकमा पुगेको थियो।

अहिलेको समस्या अर्कै छ।

एकातर्फ बैंकिङ प्रणालीमा तरलता धेरै भएर नेपाल राष्ट्र बैंकले हरेक हप्ताजसो अर्बौं रूपैयाँ बजारबाट उठाएर बैक तथा वित्तीय संस्थाहरूलाई ब्याज तिर्नुपरेको छ।

अर्कोतर्फ बैंकमा निक्षेप राख्ने बचतकर्ताले पाउने ब्याजदर अर्थतत्रको मुद्रास्फीति दरभन्दा पनि तल पुग्दा बचतको प्रतिफल ऋणात्मक हुन गएको छ।

कर्जाको ब्याजदर घटेर एकल अंकमा आएको छ। तैपनि बजारमा कर्जाको मागै नभएर बैंक तथा वित्तीय संस्थाहरूले विभिन्न सुविधासहितका आकर्षक लगानी योजना ल्याउँदा पनि माग बढ्न सकेको छैन।

उता बैंक तथा वित्तीय संस्थाहरूको पुरानो लगानीको साँवाब्याज असुली नियमित हुन नसक्दा निष्क्रिय कर्जा, कर्जा नोक्सानी कोष र गैरबैंकिङ सम्पत्ति चुलिएको छ। यसले सेयरधनीले पाउने लाभांश पनि घटाएको छ।

विभिन्न बहानामा विदेश जाने युवाजनशक्तिको लर्को छ। नेपालमै उद्यमशीलतामा लागेका साना तथा मझौला व्यवसायी धितो राख्ने स्थिर सम्पत्ति नभएर कर्जा पाउने नसक्ने अवस्थामा छन्। सहकारी संस्थामार्फत कारोबार गर्नेहरूको बचत र सहरकारीको लगानी डुबेको विषयले त देशको राजनीतिमै प्रभाव पारेको छ।

औपचारिक वित्तीय प्रणालीमा पहुँच नभएका र वित्तीय साक्षरता न्यून भएका घरेलु तथा साना व्यवसायी र साना ऋणीहरू मध्ययुगीन सामन्ती सुदखोरी प्रथाको झल्को दिने अनुचित लेनदेन (मिटरब्याज) को चक्रब्यूहमा फस्ने गरेका छन्।

यस आलेखमा मध्ययुगीन सामन्ती तथा सुदखोर (मिटरब्याज) प्रवृत्तिले समाजमा निम्त्याएको विसंगतिको चर्चा गरेको छ। त्यस्तो प्रवृत्ति न्यूनीकरण तथा रोकथामका लागि राज्यतर्फबाट भएका प्रयास र उपलब्धिको पनि चर्चा गरेको छ।

**मिटरब्याज र यसको समस्या**

सर्वसाधारणले बुझ्ने गरी भन्दा मिटरब्याज भनेको गैरकानुनी तरिकाले ऋण दिएर अस्वाभाविक रूपमा लिने उच्च ब्याज नै मिटरब्याज हो। नेपाल सरकारले २०८० सालमा बनाएको कानुनले यस्तो अनुचित लेनदेनलाई गैरकानुनी कारोबारका रूपमा परिभाषित गरेको छ। त्यस्तो गैरकानुनी क्रियाकलाप कानुनी दायरामा ल्याउन सरकारले 'मुलुकी संहिता' सम्बन्धी केही नेपाल ऐन संशोधन गरेको छ।

मिटरब्याजमा ऋण दिने साहुले कागजमा लेखिएको वा द्विपक्षीय सहमति भएकोभन्दा निकै बढी ब्याज लिन्छ। रकम असुलीका लागि गालीबेइज्जति, धाकधम्की, शरीर बन्धक, सम्पत्ति कब्जा जस्ता अपराधका उपाय समेत अपनाउँछ।

यस्तो गैरकानुनी ऋणमा अत्यधिक उच्च ब्याजदर हुन्छ। ऋण दिने साहुले हरेक वर्ष ब्याजको रकम साँवामा जोडेर जबरजस्ती अर्को लिखत बनाउँछ। यस्तो ऋणमा कुनै औपचारिक कानुनी प्रक्रिया नहुँदा साहु र ऋणी दुवै असुरक्षित हुन्छन्। यस्तो ऋण गैरकानुनी हुने भएकाले साहुले असुलीमा कानुको सहारा लिन सक्दैनन्।

ऋण उठ्दैन भन्ने लागेमा वा सम्पत्ति कब्जा गर्ने नियत भएमा उसले आपराधिक गतिविधि गर्छ। नेपालमा मिटरब्याजको समस्या ग्रामीण क्षेत्रमा मात्र सीमित छैन, सहरी क्षेत्रमा पनि उत्तिकै छ।

यस्तो गैरकानुनी ऋण लेनदेनले न्यून आय भएका र सोझासिधा मानिसलाई आर्थिक रूपले कहिल्यै नउम्कने ऋणको पासोमा पारेको हुन्छ। पासोबाट उम्किन रहलपहल सम्पत्ति समेत गुमाउनुपरेको छ। कतै त ज्यानै जाने अवस्था समेत सिर्जना भएको छ।

अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँझबुझ आयोगले दिएको सुझाब अनुसार कानुनमा भएको संशोधनले मिटरब्याजी साहुविरूद्ध ठगी र सम्पत्ति शुद्धीकरणको मुद्दा चलाउन सक्ने व्यवस्था गरेको छ।

तत्कालीन उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले मिटरब्याज प्रथालाई सामन्ती शोषणको अवशेष भनेका थिए। संशोधित ऐनले त्यस्तो सामन्ती शोषणमा न्यायको बाटो खोलिदिएको छ। ऋण लेदनदेनमा अन्यायमा परेको पक्ष कानुनी उपचारमा जान पाउने भएको छ।

**कहाँ छ विसंगति?**

सरकारले २०७९ चैतमा पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको संयोजकत्वमा तीन सदस्यीय अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग गठन गरेको थियो।

उक्त आयोगले ७७ वटै जिल्ला प्रशासन कार्यालयमा पीडित सहायता कक्ष खडा गरेर उजुरी आह्वान गरेको थियो जसमा २५ हजार हाराहारी उजुरी परेका थिए।

आयोगको अध्ययनमा पीडित ऋणीहरूले विवाह, ब्रतबन्ध, औषधोपचार, वैदेशिक रोजगारी जस्ता प्रयोजनमा र मृत्यु जस्ता घटनामा स्थानीय साहुसँग ऋण लिएको पाइएको थियो।


आयोगले बैंक तथा वित्तीय संस्था, सहकारी, लघु वित्त लगायतले गरिबीको रेखामुनिका सर्वसाधारणलाई ऋण नपत्याएपछि स्थानीय साहुसँग महँगो ब्याजमा ऋण लिनुपरेको यथार्थ समेत पुष्टि गरेको थियो।

मिटरब्याजी साहुहरूले ऋणीको जग्गा बन्धक राख्ने मात्र होइन कि, ऋण दिँदा नै छिन्ती गराएर हडप्ने गरेको, ऋणीसँग खाली चेक लिएर दोब्बर-तेब्बर रकम लेखी चेक बाउन्समा मुद्दा हालेको, ऋणभन्दा कयौं गुणा बढी रकम तिरिसक्दा पनि ऋणमुक्त नभएको जस्ता घटनाहरू आयोगले फेला पारेको थियो।

तराईका अधिकांश र कतिपय पहाडी जिल्लाहरूमा वर्षौंदेखि अनुचित लेनदेनमा ठूलो झमेला रहेको पाइएको छ। दिएको भन्दा तीन गुणासम्म बढी रकम लेखेर कपाली तमसुक बनाउने, साँवाब्याज भुक्तानी गरिसक्दा पनि तमसुक फिर्ता नगर्ने र आपराधिक उपायबाट शोषण गरिरहने प्रवृत्ति छ।

आयोगको सिफारिसपछि कानुन संशोधन भए पनि समस्या सुल्झिएको छैन। राजनीतिक दलका कतिपय नेता तथा पहुँचवाला कार्यकर्ता पनि मिटरब्याजी साहु छन्। तिनले आफूविरूद्धको मुद्दा कमजोर पार्ने प्रयास गर्ने गरेका छन्। अन्य साहुहरूले पनि आफ्ना पक्षमा पहुँच पुऱ्याउने गरेका छन्।

# १६ लाख किशोरीलाई क्यान्सरविरुद्धको खोप लगाइँदै




काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सरकारले १६ लाख किशोरीलाई क्यान्सरविरुद्धको खोप लगाउन लागेको बताउनुभएको छ।

काठमाडौँको टोखामा स्थापना भएको जनकल्याण सामाजिक केन्द्रले शनिबार यहाँ आयोजना गरेको 'निःशुल्क स्वास्थ्य तथा आँखा शिविर' को उद्घाटन गर्दै उहाँले १० देखि १४ वर्षसम्मका १६ लाख किशोरीलाई क्यान्सरविरुद्धको खोप लगाउन सरकार लागिरेहको बताउनुभएको हो।

"महिलामा क्यान्सर हुन नदिन सरकारले यही माघ २२ देखि देशभरका १६ लाख किशोरीमा क्यान्सरविरुद्धको खोप प्रदान गर्न लागेको छ", स्वास्थ्यमन्त्री पौडेलले भन्नुभयो। उहाँले पाँच वटा अस्पतालमा किशोरीका लागि क्यान्सरको निःशुल्क उपचारको व्यवस्था सरकारले मिलाएको बताउनुभयो । सरकारले पक्षघातको औषधि निःशुल्क वितरण गर्ने गरी कार्ययोजना अगाडि बढाएको पनि उहाँले जानकारी दिनुभयो।

स्वास्थ्यमन्त्री पौडेलले नागरिकको योगदानमा आधारित कोष बढाएर स्वास्थ्य बिमाको रकमसमेत बढाउँदै आमनागरिकको उपचारमा खर्च गर्नेगरी सरकारले योजना बनाएको उल्लेख गर्नुभयो। "हाल स्वास्थ्य विमाको रकम रु एक लाख रहेको छ, हामी त्यसलाई बढाएर रु पाँच लाख बनाउने गरी योजना बनाइरहेका छौँ", उहाँले भन्नुभयो।

छिरिएर रहेको स्वास्थ्य रकमलाई बिमा कोषमार्फत उपचार गराउने प्रबन्ध गरिने उहाँको भनाइ थियो । उहाँले नेपालको स्वास्थ्य क्षेत्र धेरै सुधारिएको भए पनि अझै पर्याप्त नभएको उल्लेख गर्नुभयो।

टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले समाज रुपान्तरणमा जनकल्याण सामाजिक केन्द्रले खेलेको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो। उहाँले समाज सेवाको क्षेत्रलाई निरन्तर अगाडि बढाउन उक्त संस्थालाई आग्रह गर्नुभयो।

टोखा नगरपालिकाले जनकल्याण सामाजिक केन्द्रलाई अगाडि बढाउन सहयोग गर्ने नगरप्रमुख अधिकारीको भनाइ थियो । जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता, प्रहरी उपरीक्षक नवराज अधिकारी, जनकल्याण सामाजिक केन्द्रका सल्लाहकार भरत ढकालले जनकल्याण सामाजिक केन्द्रले टोखाको समाज र स्वास्थ्य क्षेत्रको विकासमा महत्वपूर्ण योगदान दिएको बताउनुभएको थियो।

विसं २०७० मा स्थापना भएको जनकल्याण सामाजिक केन्द्रले हालसम्म देशभर तीन सय ५१ पटक रक्तदान, स्वास्थ्यशिविर, आँखा शिविरलगायतका स्वास्थ्य कार्यक्रम सञ्चालन गरिसकेको केन्द्रका अध्यक्ष विकासकुमार दासले जानकारी दिनुभयो। अल नेपाल अस्पताल र दृष्टि आँखा केन्द्रको सहकार्यमा आयोजना गरिएको आजको स्वास्थ्य शिविरमा दुई सयभन्दा बढी व्यक्तिलाई सेवा प्रदान गरिएको थियो । कार्यक्रममा विभिन्न विधामा योगदान दिएका एक दर्जनभन्दा बढी व्यक्तिलाई सम्मान गरिएको थियो ।रासस

# 'पत्रकारितामार्फत मुलुकप्रतिको निष्ठा र माया बढाउन जरुरी'



मोरङ । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पत्रकारिताले मुलुकप्रति निष्ठा र माया बढाउने खालका सन्देश प्रवाह गर्न जरुरी रहेको बताउनुभएको छ । न्यू सृष्टि दैनिकको १४औँ वार्षिकोत्सव र युवा सम्मान कार्यक्रमको शनिबार उद्घाटन गर्दै उहाँले हामी सबैले मुलुकलाई माया गर्दै इतिहासप्रति गर्व गर्न जरुरी रहेको धारणा राख्नुभयो।

पूर्वप्रधानमन्त्रीसमेतरहनुभएका अध्यक्ष दाहालले भौगोलिक विविधता, प्राकृतिक स्रोत र साधनले धनी मुलुकमै बस्न र यहीँ काम गर्न युवाहरुलाई आग्रह समेत गर्नुभयो। उहाँले भन्नुभयो, "सञ्चारकर्मी र कलाकारले देशका विभिन्न जातजातिबीच राष्ट्रिय एकतालाई प्रबर्द्धन गर्ने गरी काम गर्नुपर्छ।"


उहाँले मुलुकमा सुशासन, विभेदको अन्त्य, न्याय र आर्थिक सङ्कट अन्त्यगरी समृद्धि ल्याउन सबै राजनीतिक दलहरुको जिम्मेवार हुनुपर्नेमा समेत जोड दिनुभयो।

अध्यक्ष दाहालले वर्तमान अवस्थामा सामाजिक सञ्जालका कारण छापा सञ्चारमाध्यमका अगाडि ठूलो चुनौती रहेको समेत उल्लेख गर्दै दैनिक पत्रिका निन्तरता रुपमाप्रकाशनगरिरहेकामा न्यू सृष्टिका प्रधान सम्पादक शङ्कर खरेलको प्रशंसा गर्नुभयो।

विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले सञ्चारगृहले विकास निर्माणका समाचारलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो । न्यू सृष्टि दैनिकका प्रधानसम्पादक एवं राष्ट्रिय समाचार समिति(रासस)का सञ्चालक समितिका सदस्य शङ्कर खरेलले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सफल बनाउन सबैपक्ष क्रियाशील हुनु जरुरी रहेको उल्लेख गर्दै यसबाट नेपालीबीच एकता कायम हुने धारणा राख्नुभयो। त्यसअवसरमा उत्कृष्ट पत्रकारिताको पुरस्कार रासस मोरङ(बेलबारी)का विवेक मिश्रलाई प्रदान गरियो।

अध्यक्ष दाहालले अभिनेता विजय बराल, अभिनेत्री नीता ढुङ्गाना, सगरमाथा आरोही पूर्णिमा श्रेष्ठ, क्रिकेट खेलाडी ललित राजवंशी, ओलम्पिक विजेता पलिसा गोवर्द्धन, गायक एवं सङ्गीतकार बाबुल गिरी, नेपाली प्रहरीका वरिष्ठ प्रहरी उपरीक्षक सन्तोष खड्का, जहदा गाउँपालिकाका अध्यक्ष जीतेन्द्र साहलगायतलाई पुरस्कृत एवं सम्मान गर्नुभयो ।रासस

# बलिदानी दिवसमा मधेस आन्दोलनका सहिदको योगदान स्मरण



काठमाण्डु । लोकतान्त्रिक समाजवादी पार्टी नेपालले १८ वर्षअघि भएको मधेस-आन्दोलनमा जीवन उत्सर्ग गर्ने योद्धाका योगदानको स्मरण गर्दै बलिदानी दिवस मनाएको छ।

पार्टी केन्द्रीय कार्यालय बबरमहलमा शनिबार आयोजित कार्यक्रममा पार्टीका उपाध्यक्ष श्याम गुप्ता तथा महासचिवद्वय डा सुरेन्द्र झा र मनिष मिश्रलगायतका नेताहरुले मधेस आन्दोलनका सहिदको तस्बिरमा माल्यार्पण गरी उहाँहरुप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो।

विसं २०६४ माघ ५ गते लहानमा भएको घटनामा रमेश महतोको निधन भएको र त्यसपछिका आन्दोलनमा ठूलो जनधनको क्षति भयो। त्यसक्रममा सरकार र तत्कालीन मधेसी जनअधिकार फोरमबीचको सहमतिपछि मुलुक सङ्घीयतातर्फ अघि बढेको उक्त पार्टीको दाबी छ।

सभामा उपाध्यक्ष गुप्ताले बहुजाति, बहुभाषा, बहुधर्म, बहुसंस्कृति र भौगोलिक विविधताले परिपूर्ण नेपाललाई सबै जातजातिको साझा फूलबारीका रुपमा अघि बढाउन राज्यले सबैलाई समान अधिकार र अवसर प्रदान गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

मधेसका आवाजलाई राज्यले अझै पूर्णरुपमा सम्बोधन नगरेको आरोप लगाउँदै उहाँले भन्नुभयो, "सहिदहरुले जुन सपना बोकेर आन्दोलनमा होमिएका थिए, त्यसलाई साकार तुल्याउन संविधान संशोधनमार्फत अधिकारका विषयमा उठेका विषयबस्तु सम्बोधन गरिनुपर्छ।"

महासचिव डा झाले अहिले मुलुकमा संविधान संशोधन बहस चलिरहेको सन्दर्भमा संविधान संशोधन पहिचान र सामार्थ्यका आधारमा राज्यको पुनःसंरचना र अग्रगमनका लागि हुनुपर्ने आफ्नो दलको मान्यता रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "संविधान संशोधन राज्यका सम्पूर्ण निकायमा समानुपातिक र समावेशी सिद्धान्त लागू गर्नका लागि हुनुपर्छ। बहुलबाद र बहुदलीय शासन व्यवस्था संविधानको मर्म हो। त्यसको मर्म र भावनाविपरीत संशोधन हुन सक्दैन। हालको निर्वाचन प्रणालीमा केही दोष छैन।"

अर्का महासचिव मिश्रले राजस्व र विप्रेषणको मुख्य स्रोत रहेको तराई मधेसबाट संसद्मा जनसङ्ख्या र सामर्थ्यका आधारमा प्रतिनिधित्व कायम गर्दै नेपाललाई समावेशी राष्ट्र तुल्याउन संविधान सशोधन आवश्यक रहेको बताउनुभयो।

उहाँले विभिन्न जातजाती, भाषा, समुदायको साझा पहिचान बोकेको नेपाललाई बलियो बनाउन समान हकअधिकारका प्रदान गरि नुपर्ने आवश्यकता औँल्याउनुभयो।

आयोजक संस्था लोकतान्त्रिक विद्यार्थी सङ्घका अध्यक्ष रोशन मिश्रले मुलुकमा वर्तमान संविधान जारी भई सङ्घीय लोकतान्त्रिक शासन व्यवस्थामा प्रवेश गरेपछि समानुपातिक र समावेशी सिद्धान्त कार्यान्वयनले राज्यका निकायमा विभिन्न जातजाति र समुदायका प्रवेशले आम युवा विद्यार्थीलाई उत्साहित तुल्याएको धारणा राख्नुभयो।

पहिचान, सङ्घीयता र लोकतान्त्रिक समाजवादलाई आत्मसात गर्दै आएको तमलोपाका अध्यक्ष महन्थ ठाकुरसहित प्रतिनिधिसभामा चार र राष्ट्रियसभामा एक जना सदस्यको प्रतिनिधित्व छ ।रासस

# योगले शरीर र दिमागलाई सन्तुलित बनाउँछ : प्रथम राष्ट्रपति



पाटन । गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा रामवरण यादवले नियमित योग गर्नाले शरीर र दिमागलाई सन्तुलित बनाउन सहयोग गर्ने बताउनुभएको छ।

ललितपुर महानगरपालिका वडा नं १६ तथा पतञ्जली योग समिति बागमती प्रदेशको संयुक्तरूपमा आयोजना शनिबार मङ्गलबजारमा सुरु भएको योग उत्सव समारोहमा डा यादवले योग साधनाले पूर्वीय सभ्यतालाई उजागर गरेको र यसले स्वास्थ्यका लागि सकारात्मक प्रभाव पार्ने बताउनुभयो।

"ऐतिहासिक पाटनमा भएको योग साधनाको कार्यक्रम महत्त्वपूर्ण छ, पाटनको आफ्नै महत्त्व गरिमा पनि छ", डा यादवले भन्नुभयो, "विसं २०४६ र विसं २०६२/६२ को परिवर्तनमा अगुवाइ गरेको पाटन ओझेलमा परेको छ, योग साधनको माध्यमबाट समाजलाई रूपान्तरण गर्न यो ठाउँले उत्कृष्ट कार्यहरू गर्न सक्नुपर्छ।"

डा यादवले योग साधनको महत्त्व, गरिमा र अभ्यासका बारेमा देशभर प्रचारप्रसार गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "स्वस्थ्य समाज निर्माणका लागि मानिस स्वस्थ्य हुनुपर्छ, योग साधना स्वस्थ्य जीवनका लागि महत्त्वपूर्ण छ, स्वास्थ्य जीवनबिना देश अगाडि बढ्न सक्दैन, त्यसकारण सबै वडामा योग साधनको विस्तार होस्।"

वडाध्यक्ष निर्मलरत्न शाक्यले योग अभ्यास पनि जीवनको महत्त्वपूर्ण विषय भएकाले पतञ्जली योग समितिसँग मिलेर कार्यक्रम आयोजना गरिएको जानकारी गराउनुभयो । उहाँले तीन वर्षको अवधिमा विकास निर्माणका साथसाथै सांस्कृतिक तथा सामाजिक क्षेत्रमा धेरै कार्यक्रम सम्पन्न भएको जानकारी गराउँदै विभिन्न सङ्घसंस्थासँग मिलेर समाज र समुदायको हितमा कार्यक्रम गरिरहेको बताउनुभयो ।रासस

# 'सात हजार मिटरसम्मका हिमाल आरोहणबाट प्राप्त रोयल्टी प्रदेशलाई दिनुपर्छ'



मकवानपुर । बागमती प्रदेश समन्वय परिषद्को पाँचौँ बैठकले विभिन्न २३ निर्णय गर्दै राष्ट्रिय समन्वय परिषद्मा पठाउने निर्णय गरेको छ । राजधानी हेटौँडामा बिहीबारदेखि सुरू भएको उक्त बैठकले परिषद्मा पठाउने सात र प्रदेशले कार्यान्वयन गर्ने १६ वटा निर्णय गरेको हो।

बैठकले आइइई, इआइएपश्चात् रूख कटानको व्यवस्था प्रदेशबाट हुने व्यवस्था गर्न, रज्जुमार्ग(रोप-वे) को स्वामित्व प्रदेशलाई दिनुपर्नेलगायत विषयमा राष्ट्रिय समन्वय परिषद्मा सिफारिस गर्ने निर्णय गरेको हो। बैठकले विद्युत् विधेयक शीघ्र पारित गर्न एवं विपद् प्रभावित क्षेत्रको पुनर्निर्माणको बजेट उपलब्ध गराउने निर्णय राष्ट्रिय समन्वय परिषद्मा सिफारिस गर्ने निर्णय गरेको छ।

सार्वजनिक खरिद ऐनमा संशोधन गरी पुरातात्विक महत्त्वका सम्पदाको पुनर्निर्माणको लागि विशेष कानुनी व्यवस्था गरिनुपर्ने निर्णय गर्दै सिफारिस गरेको छ भने छ हजारदेखि सात हजार मिटरसम्मका हिमाल आरोहण इजाजत तथा रोयल्टीसम्बन्धी अधिकार प्रदेशलाई दिनुपर्ने निर्णय पनि गरेको छ।

यसैगरी बैठकले बागमती प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीको वैयक्तिक सूचना प्रणालीको दर्ता र व्यवस्थापनका लागि राष्ट्रिय किताबखानाको समन्वयमा सूचना प्रणालीको स्थापना तथा सञ्चालन गर्नेलगायतको निर्णय गरेको जनाइएको छ। सङ्घ, प्रदेश र स्थानीय तह ऐन, २०७७ को दफा २४ (१) को व्यवस्थाअनुसार परिषद् बैठक आयोजना गरिएको हो।

मुख्यमन्त्री बहादुरसिंह लामाको अध्यक्षतामा बिहीबारदेखि सुरू बैठकमा प्रदेश सरकारका मन्त्रीहरू, स्थानीय जनप्रतिनिधि, जिल्ला समन्वय समितिका प्रमुख ललित घलानलगायतको उपस्थिति रहेको थियो।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव वेदप्रसाद भण्डारीले प्रदेश तथा स्थानीय तहका कर्मचारी व्यवस्थापन, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव पूर्णबहादुर दर्जीले विपद् व्यवस्थापन र यसका चुनौती र आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव कृष्ण मैनालीले अन्तरसरकारी वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँट विषयक कार्यपत्र प्रस्तुत गरेका थिए।

कार्यपत्रमाथिको छलफलमा गाउँपालिका महासङ्घ बागमती प्रदेशको अध्यक्ष कर्णबहादुर मगरले प्रदेश लोकसेवा आयोग र सुशासन केन्द्रलाई क्रियाशील बनाउन सरकारको ध्यानाकर्षण गराउनुभएको थियो। त्यसैगरी रसुवाको उत्तरगया गाउँपालिका उपाध्यक्ष चमेली गुरुङले जनप्रतिनिधिको लागि क्षमता अभिवृद्धिको तालिम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभएको थियो।

जिल्ला समन्वय समिति काभ्रेका प्रमुख दीपकप्रसाद गौतमले डोजरे विकासलाई निरुत्साहित गर्नुपर्ने बताउनुभयो । आन्तरिक स्रोतको नाममा प्रकृतिको दोहन गर्ने काम भइरहेको उहाँको धारणा थियो । रामेछाप नगरपालिका प्रमुख लवश्री न्यौपानेले दीर्घकालीनरूपमै भौतिक संरचना निर्माणमा देखिएका समस्यालाई समाधान गर्नुपर्नेमा जोड दिनुभएको थियो।

तीनै तहका सरकारबीच अधिकार बाँडफाँट, विकास निर्माण, कानुन निर्माणमा समन्वय एवं सहकार्य र उत्पन्न विवाद संवादबाट समाधान गर्न सहजीकरण गर्न परिषद्को बैठक बस्ने गरिन्छ । यसअघि बागमती प्रदेशमा २०७५ जेठ ७ र ८ गते पहिलो बैठक, २०७६ जेठ २९ र ३० गते दोस्रो बैठक, २०७७ चैत १२ गते तेस्रो बैठक र २०८१ जेठ १० गते चौथो बैठक बसेको थियो ।रासस

# मन्त्री निवासमा खानेपानी आपूर्तिका लागि प्रक्रिया सुरू

काठमाण्डु । ललितपुरको भैँसेपाटीस्थित सङ्घीय सरकारका मन्त्री एवं प्रदेशका मुख्यमन्त्रीको आवासलगायत क्षेत्रमा खानेपानी आपूर्तिका लागि प्रक्रिया सुरू भएको छ। सङ्घीय सरकार खानेपानी मन्त्रालयअन्तर्गत काठमाडौँ उपत्यका खानेपानी लिमिटेडले ललितपुर जिल्लाका विभिन्न स्थानमा खानेपानी पुऱ्याउनका लागि बोलपत्रसहितको प्रक्रिया सुरू गरेको हो।

यसअघि मन्त्री निवास भैँसेपाटीलगायत ठाउँमा खानेपानीको आपूर्ति भएको थिएन। खानेपानीमन्त्री प्रदीप यादवको निर्देशनमा काठमाडौँ उपत्यका खानेपानी लिमिटेडले ललितपुर जिल्लाका आठ स्थानमा खानेपानी आयोजना निर्माणका लागि बोलपत्रसहितको प्रक्रिया सुरू गरेको खानेपानी मन्त्रालयले जनाएको छ।

काठमाडौँ उपत्यका खानेपानी लिमिटेडद्वारा आह्वान गरिएको बोलपत्रमा ललितपुर महानगरपालिका-१८, सैँबु भैँसेपाटीमा रहेको मन्त्री निवाससहित ललितपुर महानगरपालिका-१८, मगरगाउँ, ललितपुर महानगरपालिका-१४, बूढामार्ग, ललितपुर महानगरपालिका-१५, युलेन्स स्कुल, धापाखेल, ललितपुर महानगरपालिका-१७, बाफल, ललितपुर महानगरपालिका-२६, चोखेल, ललितपुर महानगरपालिका-१५, शान्तिनगर माइक्रोपार्क, ललितपुर महानगरपालिका-८, ९ बोजेपोखरी र बालकुमारी पुल गरी जम्मा आठ ठाउँको खानेपानी निर्माणका लागि बोलपत्र आह्वान गरिएको काठमाडौँ उपत्यका खानेपानी लिमिटेडले जनाएको छ।

योजनाअन्तर्गत ती स्थानमा खानेपानी निर्माणका लागि आवश्यक पूर्वाधार निर्माण गरी सर्वसाधारणलाई शुद्ध तथा दिगो खानेपानी उपलब्ध गराउने लक्ष्य लिइएको छ। परियोजनाले विशेषतः सहरी र अर्ध-सहरी क्षेत्रमा खानेपानीको आपूर्ति सुधार गर्ने उद्देश्य राखेको काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) का कार्यकारी निर्देशक अशोककुमार पौडेलले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "लिमिटेडले यस कार्यका लागि योग्य कम्पनीलाई समयमै बोलपत्र पेस गर्न आग्रह गरिएको छ।"रासस

# उपकरण राख्ने स्थान र जनशक्तिको सुनिश्चितता भएपछिमात्र बजेट विनियोजन गर्नुपर्ने



काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले चिकित्सा औजार उपकरण राख्ने स्थान र जनशक्तिको सुनिश्चितता नभई उपकरण खरिदका लागि बजेटको विनियोजन गर्न नपाइने व्यवस्था गरेको छ।

हालैको मन्त्रीस्तरीय निर्णय परिपत्रमार्फत जारी गर्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र मातहतका स्वास्थ्य सेवा विभाग, औषधि व्यवस्था विभाग, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग, स्वास्थ्य विज्ञान प्रतिष्ठान, सङ्घीय अस्पताललाई सो कार्यन्वयन गर्न आग्रह गरेको हो।

मन्त्रालयअन्तर्गत नीति, योजना तथा अनुगमन महाशाखाले खरिद मार्गदर्शन, २०८१ लागू गर्ने सम्बन्धमा गरिएको परिपत्रमा मालसामानको आपूर्ति समयमै गराई सेवा प्रवाहमा बाधा नपर्ने गरी खरिद कार्य सम्पन्न गर्नुपर्ने र बजेट नभई वा वजेटको सुनिश्चितता नभई खरिदको कार्य गर्न नपाइने बताएको हो।

मन्त्रालय र यसका मातहत निकायबाट हुने औषधि, औजार, उपकरणको खरिद तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन खरिद मार्गदर्शन, २०८१ मन्त्रिस्तरीय निर्णयबाट स्वीकृत भइसकेको छ।

मार्गनिर्देशनमा उल्लेख भएअनुसार सम्बन्धित निकायहरुले आवश्यक औषधि, स्वास्थ्य औजार उपकरण खरिद गर्नुपर्ने अस्पताल तथा प्रतिष्ठानले आवश्यकताका आधारमा मालसामानको वार्षिक आवश्यक परिमाण र लागतसमेत खुल्ने गरी पाँचवर्षे दीर्घकालीनयोजनामन्त्रालयबाटस्वीकृत गराई राख्नुपर्नेछ।

साथै स्वास्थ्य संस्थाले तालिम तथा अनुभव प्राप्त जनशक्तिलाई मात्र औजार उपकरण सञ्चालन गर्ने जिम्मेवारी प्रदान गर्नुपर्नेछ। आफ्नो कार्यालय मातहत रहेका औजार उपकरणलाई लामो समयसम्म प्रयोगविहीन बनाउने र पुनःनयाँ खरिद गर्न उद्दत हुने परिपाटीलाई निरुत्साहित पार्न सम्बन्धित शाखा तथा विभागलाई जिम्मेवार बनाउन मार्गनिर्देशनमा जोड दिइएको छ ।रासस

# टिकटकले अमेरिकामा आइतवारबाट आफ्नो सेवा 'नचल्ने बनाउन सक्ने'

बीबीसी

काठमाण्डु । टिकटकले उसमाथि लगाइने प्रतिबन्ध कार्यान्वयनमा आउनुअघि अमेरिकी सरकारले उपयुक्त हस्तक्षेप नगरे आइतवारबाट अमेरिकामा आफ्नो सेवा "नचल्ने बनाउन" बाध्य हुने बताएको छ।

शुक्रवार ढिलोगरी जारी गरेको एक विज्ञप्तिमा टिकटकले व्हाइटहाउस र अमेरिकी न्याय मन्त्रालयले "टिकटक उपलब्ध गराउनका लागि एकीकृत गरिएका सेवा प्रदायकहरूलाई आवश्यक ढङ्गले स्पष्ट पार्न र आश्वासन दिन असफल भएको" आरोप लगाएको छ।

उसले सरकारले टिकटकमाथि तत्काल लाग्न सक्ने प्रतिबन्ध उल्लङ्घन गर्नेलाई कारबाही हुँदैन भन्ने आश्वासन नदिए 'ज्यानुअरी १९ बाट आफूले सेवा अवरुद्ध गर्न बाध्य हुने' उल्लेख गरेको छ। शुक्रवार अमेरिकाको सर्वोच्च अदालतले दिएको एउटा आदेशपछि टिकटकको यस्तो प्रतिक्रिया आएको हो। अमेरिकी सर्वोच्च अदालतले आफ्नो आदेशमा उक्त चिनियाँ भिडिओ शेअरिङ एपको माऊ कम्पनी बाइटड्यान्सलाई अमेरिकामा चल्ने टिकटक आइतवारसम्म अमेरिकी कम्पनीलाई बिक्री गर्न वा प्रतिबन्ध सामना गर्न बनाइएको कानुनलाई मान्यता दिएको थियो।

## अमेरिकी कानुनमा के छ?

गत वर्ष एप्रिलमा पारित भएको उक्त कानुनले बाइटड्यान्सको अमेरिकी संस्करणलाई त्यहाँकै कम्पनीलाई बिक्री गर्न वा पूर्ण रूपमा प्रतिबन्धको सामना गर्न बाध्य पार्छ।टिकटकले उक्त कानुनलाई अदालतमा चुनौति दिँदै अमेरिकी प्रयोगकर्ताको वाक् स्वतन्त्रताको उल्लङ्घन हुने तर्क गरेको थियो।

तर सर्वोच्च अदालतको आदेशको अर्थ आगामी दिनमा अमेरिकी खरिदकर्ता नभेटिएसम्म एपको अमेरिकी संस्करणलाई एप स्टोर तथा वेब होस्टिङ सेवाबाट हटाउनु पर्छ भन्ने हो ।

यो प्रतिबन्धले पहिले नै आफ्नो फोनमा टिकटक एप डाउनलोड गरिसकेका प्रयोगकर्ताहरूलाई असर गर्दैन भन्ने ठानिएको थियो।यद्यपि प्रतिबन्ध लागु भएपछि अपडेटहरू उपलब्ध नहुने र अन्ततः एप प्रयोगयोग्य नहुने बन्छ।

शुक्रवारको टिकटकको विज्ञप्तिले तुरुन्तै हालका सबै प्रयोगकर्ताहरूको टिकटकको पहुँच समाप्त हुने र कसैले डाउनलोड पनि गर्न नमिल्ने सङ्केत गरेको छ।

## बिदाइ सन्देश दिादै टिकटकका चर्चित व्यक्तिहरू




टिकटकमा चर्चित भएका व्यक्तिहरूले आसन्न प्रतिबन्धअघि आफ्ना फलोअर्सहरूलाई बिदाइ सन्देश दिँदै भिडिओहरू पोस्ट गरिरहेका छन्।

एकजना टिकटक कन्टेन्ट क्रिएटर निकोल ब्लूमगार्डनले बीबीसीसँग टिकटकमा नहुँदा महत्त्वपूर्ण रूपमा आम्दानी गुम्ने बताइन्।अर्की कन्टेन्ट क्रिएटर एरिका थम्पसन पनि टिकटकमा उपलब्ध हुने शैक्षिक सामग्री गुम्दा त्यसले समुदायमा "ठूलो नोक्सानी पुऱ्याउने" बताइन्।

केही प्रयोगकर्ताहरूले उनीहरूले उत्पादन गर्ने सामग्रीहरू हेर्नको अर्को एपमा उपलब्ध हुने जानकारी पनि दिइरहेका छन्। त्यसमा अर्को चिनियाँ भिडिओ शेअरिङ एप रेड नोट पनि रहेको छ। त्यो अमेरिकामा अहिलेसम्म सीमित प्रयोगकर्ताहरूले मात्र प्रयोग गरिरहेको एप हो।

> टिकटकमा चर्चित भएका व्यक्तिहरूले आसन्न प्रतिबन्धअघि आफ्ना फलोअर्सहरूलाई बिदाइ सन्देश दिँदै भिडिओहरू पोस्ट गरिरहेका छन्। एकजना टिकटक कन्टेन्ट क्रिएटर निकोल ब्लूमगार्डनले बीबीसीसँग टिकटकमा नहुँदा महत्वपूर्ण रूपमा आम्दानी गुम्ने बताइन्।

## निर्णायक भूमिकामा ट्रम्प

राष्ट्रपति जो बाइडनको कार्यकाल सोमवार सकिँदैछ र त्यसै दिन डोनल्ड ट्रम्पले राष्ट्रपतिको रूपमा शपथग्रहण गर्ने छन्।

ह्वाइट हाउसले यसअघि नै कानुन लागु गर्ने विषय आगामी राष्ट्रपतिमा निर्भर गर्ने बताइसकेको छ।ट्रम्पले सुरुमा यो कदमलाई समर्थन गरेका थिए तर पछि उनले आफू प्रतिबन्धविरुद्धमा रहेको सङ्केत गरेका छन्।

"म टिकटकबारे धेरै पछि गएर मात्र निर्णय लिन्न तर परिस्थितिको मूल्याङ्कन गर्ने मसँग पर्याप्त समय चाहिँ हुनुपर्छ," उनले शुक्रवार भने।उनले आफूले चिनियाँ राष्ट्रपति सी जिन्पिङसँग कुराकानी गरेको र टिकटकलगायतका विषयमा पनि छलफल गरेको खुलासा समेत गरेका छन्।

गत डिसेम्बरमा ट्रम्पले एपको लागि आफूसँग "न्यानो स्थान" रहेको बताएका थिए।सन् २०२४ को चुनावमा युवा मतदाताहरूलाई प्रभावित गर्न टिकटकले मद्दत गरेको भन्दै उनले त्यस्तो बताएका थिए।यद्यपि ट्रम्पले आफ्नो पहिलो राष्ट्रपतीय कार्यकालमा कार्यकारी आदेशमार्फत् समान खालको प्रतिबन्ध लगाउन खोजेका थिए।

## अमेरिकी आरोप के हो?

बाइटड्यान्सले टिकटक नबेच्ने वाचा गरेको गर्दै अमेरिकी निर्णय फिर्ता नभएसम्मका लागि आइतवारदेखि अमेरिकामा एप बन्द गर्ने जनाएको छ।

अमेरिकी संसद्मा डेमोक्र्याटिक र रिपब्लिकन दुवै दलका सांसदहरूले गत वर्ष टिकटकमाथि प्रतिबन्ध लगाउने पक्षमा मतदान गरेका थिए।उनीहरूले टिकटकको चिनियाँ सरकारसँग सम्बन्ध भएको र उसले बेइजिङलाई प्रयोगकर्ताका गोप्य जानकारीहरू उपलब्ध गराउने आशङ्का गरेका छन्।

टिकटकले चाहिँ बेइजिङलाई प्रयोगकर्ताको जानकारी शेअर नगर्ने दोहोऱ्याउँदै आएको छ।उक्त सम्भावित प्रतिबन्ध चिनियाँ जासुसीबारे अमेरिकामा बढ्दो चिन्ताबीच अघि बढाइएको थियो।साइबर सुरक्षासम्बन्धी कम्पनीहरूले उक्त एपले प्रयोगकर्ताको विवरण सङ्कलन गर्न सक्ने औल्याएका छन्।

बेइजिङले भने चिनियाँ कम्पनीलाई आफ्नो तर्फबाट सूचना सङ्कलन गर्न दबाब दिएको भनी लगाइएको आरोपलाई अस्वीकार गर्दै आएको छ र उसले प्रतिबन्धको आलोचना गरेको छ।

टिकटकले उक्त अमेरिकी कानुनले अभिव्यक्ति स्वतन्त्रतालाई खतरामा पार्ने र प्रयोगकर्ता, विज्ञापनदाता, सामग्री उत्पादक र कर्मचारीलाई असर पार्ने तर्क गर्दै आएको छ। टिकटकमा ७,००० अमेरिकी कर्मचारीहरू छन्।

## अहिलेसम्म केके भयो?

एप्रिल २४, २०२४: राष्ट्रपति बाइडनले दुवै राजनीतिक दलद्वारा समर्थन गरिएको टिकटकसम्बन्धी विधेयकमा हस्ताक्षर गरे। त्यसमा टिकटकको माऊ कम्पनी बाइटडड्यान्सले ६ महिनाभित्र अमेरिकामा आफ्नो शेअर बेच्नुपर्ने र त्यसो नगरे प्रतिबन्ध सामना गर्नुपर्ने व्यवस्था छ।

मे ७, २०२४: टिकटकले त्यसलाई "वाक् स्वतन्त्रताको अधिकारमाथिको हस्तक्षेप" भन्दै मुद्दा दायर गऱ्यो।

अगस्त २, २०२४: अमेरिकी सरकारले टिकटकले गैरकानुनी रूपमा बालबालिकाको डेटा सङ्कलन गरेको र आमाबाबुले आफ्ना बच्चाहरूको खाता मेटाउन खोज्दा त्यसलाई सम्बोधन गर्न असफल भएको आरोप लगाउँदै टिकटकमाथि मुद्दा दर्ता गरायो।

डिसेम्बर ६, २०२४: २०२५ को सुरुमा अमेरिकामा रहेको आफ्नो हिस्सा बिक्री गर्नु पर्ने वा प्रतिबन्धको सामना गर्नु पर्ने कानुनविरुद्ध टिकटकले गरेको मागदाबीलाई सङ्घीय पुनरावेदन अदालतले अस्वीकार गरिदियो।

डिसेम्बर २७, २०२४: राष्ट्रपतिका रूपमा निर्वाचित डोनल्ड ट्रम्पले अमेरिकाको सर्वोच्च अदालतलाई आफूले "राजनीतिक समाधान" खोजिरहेको भन्दै आसन्न प्रतिबन्धलाई पछि सार्न आग्रह गरे।

ज्यानुअरी १०, २०२५: सर्वोच्च अदालतका ९ जना न्यायाधीशहरूले टिकटक र त्यसमा सामग्री उत्पादन गर्नेहरूको प्रतिनिधित्व गर्ने वकिलहरूबाट उनीहरूको बहस सुने।

ज्यानुअरी १७, २०२५: अमेरिकाको सर्वोच्च अदालतले राष्ट्रिय सुरक्षा चिन्ताको कारण देखाउँदै टिकटकलाई केही दिनभित्र प्रतिबन्ध लगाउन सक्ने कानुनलाई अघि बढाउन आदेश दियो।

ज्यानुअरी १९, २०२५: टिकटकले आफ्नो अमेरिकाको हिस्सा बेच्नु पर्ने वा प्रतिबन्धको सामना गर्नु पर्ने अन्तिम मिति। टिकटकले त्यस दिनदेखि अमेरिकामा आफ्नो सेवा बन्द हुने चेतावनी दिएको छ।

# महिला विश्वकप क्रिकेटः नेपाल बङ्गलादेशसँग पाँच विकेटले पराजित




काठमाण्डु । आईसीसी यू-१९ टी-२० महिला विश्वकप क्रिकेट प्रतियोगिता आफ्नो पहिलो खेलमा नेपाल नेपाल बङ्गलादेशसँग पाँच विकेटले पराजित भएको छ। मलेसियाको बाङ्गीमा रहेको युकेएम ओभल क्रिकेट मैदानमा शनिबार सम्पन्न खेलमा नेपालले दिएको ५३ रनको विजयी लक्ष्य बङ्ुगलादेश १३ दशमलव दुई ओभरमा पाँच विकेटको क्षतिमा पूरा गऱ्यो।

बङ्गलादेशका लागि सादिया इस्लामले २४ बलमा एक चौकाको सहयोगमा १६ रन बनाइन्। सुमैया अत्तरले १२ र अफिया अशिमा इराले नौ रन जोडिन। बलिङतर्फ नेपालकी रचना चौधरी, रिया शर्मा, सिमना केसी र पूजा महतोले समान एक/एक विकेट लिए।

टस हारेर पहिले ब्याटिङ गरेको नेपालले १८ दशमलव दुई ओभरमा सबै विकेट गुमाएर ५२ रन बनाएको थियो । नेपालका लागि ओपनर साना प्रविनले ३२ बलमा १९ रन बनाइन्।

त्यस्तै सिमाना केसीले १० रनको योगदान दिइन् । अन्य नेपाली ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन्।

कप्तान पूजा महतो दुई रनमा आउट भइन भने अलिशा यादवले चार रन बनाइन। यसैगरी तिर्सना विक र रचना चौधरीले समान तीन/तीन रन बनाउँदा रिया शर्मा पाँच रनमा नटआउट रहिन्।

बङ्गलादेशका लागि जनाथन माओलाले दुई विकेट लिइन भने अनिसा सोवा, फोयोमोदी चोया र निशीता अख्तरले समान एक/एक विकेट लिए। नेपालले आफ्नो दोस्रो खेल यही माघ ७ गते स्कटल्यान्डसँग खेल्नेछ।

प्रतियोगिताको समूह 'डी'मा रहेको नेपाललाई सुपर-६ मा पुग्न कम्ती एउटा खेल जित्नुपर्छ । समूहमा नेपालसँगै बङ्गलादेश, स्कटल्याण्ड र अस्ट्रेलिया छन् । शनिबारै भएको सोही समूहको पहिलो खेलमा अस्ट्रेलियाले स्कटल्याण्डलाई ९ विकेटले पराजित गरेको छ ।रासस

# नेपालगञ्जमा लुम्बिनी कप महिला फुटबल प्रतियोगिता



नेपालगञ्ज । नेपालगञ्जमा आगामी फागुन १९ गतेदेखि २९ गतेसम्म लुम्बिनी कप महिला फुटबल प्रतियोगिता आयोजना हुनेभएको छ । अन्तरालको आयोजना र बाँके जिल्ला फुटबल सङ्घसँगको सहकार्यमा प्रतियोगिता आयोजना हुन लागेको जनाइएको छ ।

बाँके जिल्ला फुटबल सङ्घका अध्यक्ष भोजराज शाहीले बाँकेमा महिला फुटबललाई पुनःजीवन दिने अपेक्षासहित प्रतियोगिता गर्न लागेको जानकारी दिनुभयो । महिला खेलाडी उत्पादन र विकासको लक्ष्य राखेर यो प्रतियोगिता हुन लागेको उहाँको भनाइ छ ।

एन्फाका केन्द्रीय सदस्यसमेत रहनुभएका अध्यक्ष शाहीले बाँकेमा महिला फुटबलरको इतिहास स्मरण गर्दै लुम्बिनी कप महिला फुटबल प्रतियोगिताका लागि स्थानीय सशक्त टिम सहभागी गराउने गरी आवश्यक तयारी थालिएको पनि जानकारी दिनुभयो । "त्यसैलाई लक्षित गरेर सबै स्थानीय तहमा छनोट, प्रशिक्षणलगायत कार्यक्रम गरिनेछ", उहाँले भन्नुभयो । उक्त प्रतियोगिताभन्दा अघि नेपालगञ्जमा महिला फुटबल मेयरकप पनि आयोजना गर्न लागिएको उहाँको भनाइ छ ।

आयोजक अन्तरालका कार्यकारी प्रमुख जयनारायण शाहले प्रतियोगिताको तयारी थालिएको उल्लेख गर्दै 'खेलाडी तथा अफिसियलको बसोबास, खानपान तथा आवतजावतलाई प्राथमिकतामा राखेको बताउनुभयो । प्रतियोगिता आयोजनाका लागि नेपालगञ्ज रङ्गशालामा सचिवालय पनि स्थापना गरिएको छ ।

लुम्बिनी कपको पहिलो संस्करणमा भारतका दुई र नेपालका छ गरी आठ वटा क्लबको सहभागिता रहनेछ । प्रतियोगिताको लोगो नेपाली राष्ट्रिय महिला फुटबल टिमका पहिलो कप्तान रमा सिंह र वर्तमान कप्तान एञ्जिला तुम्बापो सुब्बाले संयुक्त रुपमा सार्वजनिक गर्नुभएको थियो । लोगोमा भगवान गौतम बुद्ध, खेलाडीको आकृति र नेपाली राष्ट्रिय झण्डाको निलो तथा सिम्रिक रङ समेटिएको छ ।रासस

# इजरेल सरकारद्वारा युद्धविराम सम्झौता अनुमोदन, यसपछि के हुन्छ

बीबीसी

काठमाण्डु । इजरेली मन्त्रिपरिषद्ले हमाससँग भएको युद्धविराम र बन्धक रिहाइसम्बन्धी सम्झौता अनुमोदन गरेसँगै आइतवारबाट त्यो कार्यान्वयनमा आउने बाटो खुलेको छ।

इजरेल डिफेन्स फोर्सेस (आईडीएफ)ले आइतवार बिहान ८:३० बजेबाट युद्धविराम कार्यान्वयनमा आउने पुष्टि गरेको छ।

शुक्रवार राती अबेरसम्म चलेको घण्टौंको छलफलपछि यस निर्णय आएको हो।यसअघि उक्त सम्झौतालाई अनुमोदन गर्न इजरेलको सुरक्षा क्याबिनेटले सरकारलाई सिफारिस गरेको थियो। जसमा सम्झौताले "यस युद्धको उद्देश्य अन्तर्गतको उपलब्धीलाई साथ दिने" उल्लेख गरिएको प्रधानमन्त्री कार्यालयले जनाएको छ।

दुईजना दक्षिणपन्थी मन्त्रीहरूले सम्झौताको विपक्षमा मतदान गरेका छन्। इजरेली प्रधानमन्त्री बेन्जमिन नेतन्याहुको कार्यालयले जनाएअनुसार सम्झौता अनुमोदन भएसँगै पहिलो बन्धकहरूको रिहाइ निर्धारित योजनाबमोजिम आइतवारबाटै सुरु हुनेछ।

## आइतवारबाटै रिहाइ हुन थाल्ने

सम्झौताअनुसार युद्धविरामको पहिलो दिन तीनजना बन्धकहरूलाई हमासले रिहा गर्ने अपेक्षा गरिएको इजरेलले जनाएको छ।हमासनिकट एक स्रोतले एएफपी समाचार संस्थालाई बताए अनुसार सुरुमा छुट्ने ती मानिसहरू महिला हुनेछन्।



कतार, अमेरिका र इजिप्टले मध्यस्थता गरेको यस सम्झौता अनुसार पहिलो चरण झण्डै छ साता लामो हुनेछ। जसक्रममा १५ महिनादेखि हमासको नियन्त्रणमा रहेका ३३ जना इजरेली बन्धकहरू चरणबद्ध रूपमा छुट्नेछन्। जसमा धेरैजसो महिला, बालबालिका र जेष्ठ नागरिकहरू हुनेछन्।

त्यसको साटो इजरेली जेलमा रहेका सयौं प्यालेस्टिनी बन्धीहरू समेत छाडिनेछ। शुक्रवार इजरेलको न्याय मन्त्रालयले पहिलो आदानप्रदानका क्रममा छाडिने ९५ जना प्यालेस्टिनी बन्दीहरूको सूची सार्वजनिक गरेको थियो।समाचार संस्था एएफपीका अनुसार त्यसमा ६९ जना महिला, १६ जना पुरुष र १० जना बालबालिकाहरू छन्।

## दोस्रो र तेस्रो चरणमा के हुन्छ?

युद्धविराम सुरु भएको १६औं दिनमा दोस्रो चरणका लागि वार्ताहरू सुरु हुनेछन्।दोस्रो चरणमा बाँकी सबै बन्धकहरू रिहा र गाजाबाट पूर्ण रूपमा इजरेली फौज हुनुपर्ने सम्झौतामा व्यवस्था गरिएको बताइएको छ।

त्यससँगै त्यहाँ "दिगो शान्ति ब्युँताउने" काम सुरु हुने बताइएको छ।तेस्रो तथा अन्तिम चरणमा गाजा पुनर्निर्माणको कामहरू हुनेछ। त्यसका लागि वर्षौं लाग्न सक्छ।

उक्त चरणमै त्यहाँ यदि बन्धक बनाइएकाहरूका शवहरू रहेमा त्यो समेत फिर्ता गर्ने कामहरू हुनेछ। बीबीसी भेरिफाइको अध्ययन अनुसार हमाससँग अझै ९४ जना बन्धकहरू छन्। तीमध्ये ३४ जनाको मृत्यु भइसकेको हुनसक्ने ठानिएको छ।

## चुनौती बााकी

सम्झौताले हमासलाई फाइदा पुऱ्याउने भन्दै केही मन्त्रीहरूले राजीनामा दिने चेतावनी दिएका थिए।यसअघि बिहीवार नै सुरक्षा क्याबिनेटको बैठक बस्न तय भए पनि नेतन्याहुले आफ्नो वचनबाट हमास पछि हटिरहेको भन्दै स्थगित गरेका थिए।तर शुक्रवार बिहान हमासले युद्धविरामसम्बन्धी उत्पन्न अवरोधहरू हटेको बतायो।

"युद्धविराम सम्झौताका शर्तहरू मान्न कब्जाकारीहरूको विफलताका कारण उत्पन्न अवरोधहरू मध्यस्थकर्ताहरूको उदार प्रयासहरूबाट आज बिहानै हल भएको छ," हमासले एउटा वक्तव्यमा भनेको छ।

अर्कोतर्फ इजरेलमा चरम दक्षिणपन्थी राष्ट्रवादीहरूले जेरुसलेममा प्रदर्शनहरू गरेका छन्।

इजरेली रक्षामन्त्रीले वेस्ट ब्याङ्कमा बस्ती बसाल्नेहरूविरुद्ध प्रशासनिक पक्राउ आदेश रद्द गरेका छन्।

बुधवार युद्धविराम र बन्धक रिहाइसम्बन्धी सम्झौता घोषणा भएयता इजरेली हमलामा परेर ३३ जना बालबालिकासहित १२० जनाभन्दा बढी प्यालेस्टिनीहरू मारिएका गाजास्थित हमासद्वारा सञ्चालित नागरिक प्रतिरक्षा निकायले जनाएको छ। इजरेली राष्ट्रपति आइज्याक हर्ट्सोकले सम्झौताको स्वागत गरेका छन्। तर अगाडि चुनौतीहरू रहेको उनले बताएका छन्।

"राज्य र उसका नागरिकबीचको ठूलो वाचा पूरा गर्नेतर्फ यो एउटा महत्त्वपूर्ण कदम हो। यसभन्दा ठूलो नैतिक, मानवीय, यहुदी र इजरेली कर्तव्य अर्को छैन। हामीले हाम्रा सबै बन्धकहरूलाई घर फर्काउनैपर्छ," सामाजिक सञ्जाल एक्समा गरेको एउटा पोस्टमा उनले भनेका छन्।

## युद्धविराम कहिलेसम्म

छ साता लामो हुने युद्धविरामको पहिलो चरणमा तीनजना इजरेली बन्धकहरू छाडेपछि इजरेलले प्यालेस्टिनी बन्दीहरू समेत छाड्ने र केही क्षेत्रबाट इजरेली फौज फिर्ता हुने छ ।

# पिपलडाँडा देविस्थान माविले जित्यो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि




खोटाङ । हलेसी तुवाचुङ नगरपालिकाले आयोजना गरेको पाँचौं अन्तर माध्यमिक विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधिपिपलडाँडादेविस्थानमाध्यमिक विद्यालय मङ्गलटारले जितेको छ। वडा नं १० अर्खौलेमा सञ्चालित सरस्वती माध्यमिक विद्यालय अर्खौलेको संयोजनमा आयोजित पाँचौं संकरणको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा पिपलडाँडा देविस्थान मावि मङ्गलटारले छ स्वर्ण, नौं रजत र दुई काँस्य पदकसहित प्रथम उपाधि जितेको हो।

पाँचौं संस्करणको राष्ट्रपति रनिङ शिल्डको उपाधि जितेसँगै पिपलडाँडा देविस्थान मावि मङ्गलटारले रनिङ शिल्ड राखेको छ। लगातार तेस्रो र चौथो संस्करणको उपाधि जितेको पिपलडाँडा देविस्थान मावि मङ्गलटारले पाँचौं संस्करणसमेत जितेपछि रनिङ शिल्ड राखेको नगरपालिकाका खेल प्रशिक्षक मिलन कसजुले जानकारी दिनुभयो।

विभिन्न १५ विद्यामा ३० स्वर्ण, ३० रजत र ३० कास्य पदकका लागि आयोजना गरिएको पाँचौं अन्तर माध्यमिक विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता बुलापन्थे मावि धितुङ पाँच स्वर्ण, दुई रजत र चार कास्य पदकसहित द्धितीय तथा ज्योति मावि राजापानी चार स्वर्ण, पाँच रजत र चार कास्य पदकसहित तृतीय भएका छन् । यस्तै, दुर्छिम मावि दुर्छिम चौथो, कालिका मावि पाँचौं, सरस्वती मावि छैटौं, हलेश्वर बोर्डिङ स्कूल सातौं, लक्ष्मी मावि आठौं, दाम्ली मावि र महेन्द्रोद्धय मावि नवौं, कालिकादेवी मावि दशौं, च्यास्मिटार मावि एघारौं र जनता मावि बाह्रौं भएका छन् ।

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका उपाधि विजेता विद्यालयले रनिङ शिल्ड, मेडल र प्रमाणपत्र तथा अन्य विद्यालयले ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् ।

खेलकुद प्रतियोगिता समापनसँगै साँस्कृति कार्यक्रमसमेत आयोजना गरिएको कार्यक्रममा उपाधि विजेता विद्यालय तथा विद्यार्थीलाई नगरप्रमुख विमला राई र उपप्रमुख रमेश राउतले पुरस्कार वितरण गर्नुभएको छ ।

हलेसी तुवाचङ नगरपालिका-१० अर्खौलेस्थित सालपा खेलमैदानमा आयोजना गरिएको पाँचौं संस्करणको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उद्घाटन यही माघ-२ गते जिल्ला समन्वय समिति खोटाङका प्रमुख सनबहादुर राईले औपचारिकरुपमा गर्नुभएको थियो ।

# दुई कम्पनीलाई साधारण शेयर बिक्रीको अनुमति




काठमाण्डु । लामो समयदेखि रोकिदै आएको साधारण शेयर निष्काशनका लागि अनुमति दिने प्रक्रिया शुरु भएको छ । नियामक निकाय नेपाल धितोपत्र बोर्डले दुई वटा कम्पनीलाई साधारण शेयर बिक्रीका लागि पछिल्लो पटक अनुमति दिएको छ ।

बोर्डले क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड र ओम मेगाश्री फार्मासिटिकल्सलाई साधारण शेयर बिक्रीका लागि अनुमति दिएको छ । बोर्डले क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्सलाई रु २२ करोड ५० लाख मूल्य बराबरको २२ लाख ५० हजार कित्ता साधारण शेयर बिक्री लागि यही माघ ३ गते अनुमति दिएको हो । सो कम्पनीको शेयर बिक्री प्रबन्धकमा एनआइएमबी एस क्यापिटल रहेको छ ।

यस्तै, बोर्डले ओम मेगाश्रीलाई रु १८ करोड बराबरको १८ लाख कित्ता साधारण शेयर बिक्रीका लागि अनुमति दिएको छ । सो कम्पनीको शेयर बिक्री प्रबन्धकमा प्रभु क्यापिटल रहेको छ । बोर्डले दुई वटा कम्पनीको रु ८५ करोड ५० लाख मूल्य बराबरको ८५ लाख ५० हजार कित्ता साधाण शेयर बिक्रीका लागि अनुमति दिएको हो ।

यस्तै, बोर्डले साना तथा मझौला संगठित संस्थाको धितोपत्र निष्काशन तथा कारोबार नियमावली लागू गरेको छ । सो नियमावली लागू भएसँगै साना तथा मझौला संस्थालाई साधारण शेयर बिक्रीका लागि मार्ग प्रशस्त भएको छ । शेयर बजारको विस्तारका लागि यो नियमावली महत्वपूर्ण रहेको छ ।

बोर्डमा हालसम्म रु ५१ अर्ब ११ करोड २४ लाख एक हजार छ सय ३२ मूल्य बराबरको ३५ करोड ५० लाख ३७ हजार दुई सय ८५ कित्ता साधारण शेयर बिक्रीका लागि आवेदन परेको छ ।रासस

# थारु समुदाय 'भलमन्सा' चुन्ने चटारोमा

सुदूरपश्चिम । कैलालीको कैलारी गाउँपालिकास्थित मनिकापुर गाउँका रामदिन चौधरी दोस्रो कार्यकालका लागि गाउँको 'भलमन्सा' पदमा चुनिनुभएको छ ।

गाउँको थारु समुदायमा 'भलमन्सा' को जिम्मेवारीमा रहेर काम गरेको अनुभवका आधारमा उहाँलाई पुनः दोस्रोपटक सर्वसम्मत रुपमा भलमन्सामा चयन गरिएको हो । "भलमन्साको जिम्मेवारी लिइसक्नुभएका बद्रीनारायण चौधरीले मलाई समर्थन गर्नुभयो", उहाँले भन्नुभयो, "अरुले पनि आग्रह गरेपछि पुनः जिम्मेवारी लिएको हुँ ।"

सोही गाउँपालिकाको बिसनपुर गाउँमा भलमन्सा छनोट गर्न बसेको बैठकले सोनुराम चौधरीलाई भलमन्सा तोक्ने निर्णय गरेको छ । दुई वर्षसम्म लगातार भलमन्साको जिम्मेवारीमा बहन गरिसक्नुभएका सोनुरामले साथीभाईको सरसल्लाहमै आफू पुनः यो पदको जिम्मेवारी लिन मञ्जुर भएको बताउनुभयो । उहाँले भन्नुभयो, "गाउँमा आफ्नो नेतृत्वमा वर्षभरि भएका कामबाट सबै खुसी हुनुहुन्छ ।"

गोदावरी नगरपालिका-८ को थारु गाउँमा यमबहादुर चौधरी भलमन्सा हुनुभएको छ । माघी पर्व सुरु भएसँगै गाउँको मुख्य व्यक्ति मानिने भलमन्सा, चौकीदार, गुरुवा, चिराकी, अघरियालगायतका पदमा व्यक्ति छनोट गर्ने चटारो यतिबेला थारु समुदायमा छ ।

पदमा बसेर काम गर्न नसक्नेलाई पदमुक्त गरेर अर्को व्यक्तिलाई भलमन्साको जिम्मेवारी दिइने गरिन्छ । कतिपय स्वाइच्छाले यो जिम्मेवारीबाट अलग हुन्छन् । थारु समुदायमा मुख्य व्यक्तिको रुपमा रहने भलमन्सालाई सकभर सर्वसम्मतिले र त्यसो हुन नसके निर्वाचन प्रक्रिया अथवा गोला (चिठ्ठा) प्रक्रिया अपनाएर प्रजातान्त्रिक ढङ्गले छनौट गरिन्छ । गाउँको भलमन्सा पदमा चुनिने व्यक्तिको घरलाई यो समुदायमा 'बडघर' भनिन्छ ।



कतिपय वस्तीमा यस्तो भेला भइसकेर भलमन्सा छनोटको काम पूरा भइसकेको छ भने अन्य कतिपय गाउँमा छनोट गर्ने काम भइरहेको छ । पूरै वडाको हकमा निर्वाचित जनप्रतिनिधिको भूमिका रहने गरे पनि समुदायको गाउँ टोलको हकमा भने बढी भूमिका भलमन्साको हुने गरेको पाइन्छ ।

थारुमा माघीको रौनकसँगै आवश्यकताअनुसार 'बडघर' बैठकहरु बसिरहेका छन् । यस्ता बैठकमा वर्ष दिनमा गाउँ टोलमा भलमन्साको नेतृत्वमा भएका कामबारेमा आपसमा छलफल, विश्लेषण, गुनासो सुन्ने र सुनाउने काम हुनेगर्छ ।

माघको पहिलो हप्ताभित्र अथवा ढिलोमा दुई हप्ताभित्रमा वर्षभरी भलमन्साको नेतृत्वमा गाउँमा भए गरेका कामको समीक्षा गर्ने, सार्वजनिक काममा भएको खर्चको हिसाब किताब गर्ने जस्ता काम गरिन्छ ।

'गुरुवा' (वैद्यको काम गर्ने)ले मानिस, गाईवस्तु र अन्न बालीमा देखिने रोगको समस्या समाधान गर्ने जिम्मेवारी बहन गर्नुपर्ने हुन्छ । 'चिराकी'ले देवस्थल र घरमा हुने शुभकार्यमा बत्ती बालेर पूजाको काम काम गर्छ । 'चौकिदार'ले आफ्नो गाउँठाउँमा कुनै कामका लागि भेला बोलाउनुपरेमा गाउँका मान्छेलाई हाँक गर्ने (बोलाउने) काम र 'अघरिया'ले भलमन्साको सहायकको रुपमा काम गर्नुपर्ने परम्परा छ ।

बडघरले लाए अह्राएका काम गाउँका अन्य सदस्यले मान्नुपर्ने हुन्छ । यस्तो प्रचलनका कारण नै गाउँको अनुशासन कायम हुने र सामूहिकतामा काम गर्ने लामो समयदेखिको प्रचलन थारु गाउँमा रहने गरेको छ ।

यस्तो परम्पराले गाउँको एकता र सामूहिकताको विकास हुने मात्र नभइ गाउँको अनुशासन कायम गर्नमा टेवा पुग्ने गरेको मानबहादुर चौधरी बताउनुहुन्छ । थारु गाउँमा सदियौँदेखि यस्तो प्रचलन रहेकाले नेतृत्वकर्ताको बेग्लै महत्व र सम्मान हुनेगर्छ । कामको मूल्याङ्कनका आधारमा निजलाई पुनः सोही पदको जिम्मेवारी प्रदान गर्ने गरिन्छ ।

समग्र गाउँको संरक्षण गर्ने, विकास निर्माणका काम गर्ने, कुलोपानी, बिजुलीबत्तीको व्यवस्था गर्ने, गाउँघरमा आइपर्ने दुःख सुखमा सामूहिक रुपमा सहयोग गर्ने गराउने जस्ता काम गाउँको नेतृत्वकर्ता (भलमन्सा) ले गर्ने गर्दछन् । भलमन्साको आदेशमा गाउँका विभिन्न काम गर्न जानुपर्ने कामलाई 'बेगारी' जाने भनिन्छ । बेगारी जान नसक्नेले जरिवाना तिर्नुपर्ने हुन्छ ।

भलमन्सालगायतका पदमा काम गर्दै आएका व्यक्तिको 'घर फाटे' मा (दाजुभाई बीचको अंशवण्डा) निजलाई सकभर उक्त पदको जिम्मेवारीबाट मुक्त गरिन्छ ।

भलमन्सा पदको जिम्मेवारी बहन गर्ने अधिकांशले स्वयंसेवीको रुपमा काम गर्ने गरेका छन् । कतिपय गाउँमा भने यो पदमा बसेर काम गर्नेलाई समुदायको निर्णयअनुसार पारिश्रमिकको रुपमा खाद्यान्न उपलब्ध गराउने गरिन्छ । पछिल्ला वर्षमा समुदायमा रहेको सकारात्मक अभ्यास, परम्परा र संस्कृतिको संरक्षणका कामलाई अगाडि बढाउनमा टेवा पुऱ्याइरहेको यो प्रजातान्त्रिक पद्धतिको बडघर प्रथालाई जीवन्त राख्नुपर्ने आवाज उठ्न थालेको छ ।

भलमन्सा बडघर, गुरुवा, चिराकी, अघरिया जस्ता प्रथा पुस्तान्तरण हुँदै आएपनि कतिपय वस्तीमा भने यसको पुस्तान्तरण हुन नसकिरहेको अनुभव थारु अगुवा मानबहादुर बताउनुहुन्छ ।

आफ्नो कार्य क्षेत्रभित्र उत्पन्न हुने झैझगडा अंशवण्डा जग्गाको साँध सिमाना, पानी कुलो, लेनदेनको विवादका विषयमा पीडित पक्षले लिखित वा मौखिक रुपमा आग्रह गरेपछि भलमन्साले बैठक गरी पीडित र पीडक पक्षको जीत जीतको सिद्धान्तअनुसार मिलापत्र गराइदिने परम्परा छ ।

पश्चिम नेपालको दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा यो समुदायको बसोबास छ । पूर्वी तराईका कतिपय जिल्लामा यो समुदायको बसोवास रहे पनि रहनसहन, वेषभूषा, प्रचलन जिल्ला र ठाउँअनुसार केही फरक देखिन्छ ।

थारुहरुको माघी पर्वलाई लक्षित गरेर प्रदेश सरकारले पुस २९ गते नै प्रदेशभर सार्बजनिक बिदा दिएको थियो ।रासस


# विदेशी मुद्राको विनिमय दर :अमेरिकी डलरको मूल्यमा वृद्धि

काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले शनिबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । निर्धारित विनिमयदर अनुसार अमेरिकी डलरको मूल्यमा शनिबार पनि वृद्धि भएको छ । लगातार वृद्धि भएर अमेरिकी डलरले मूल्यमा नयाँ कीर्तिमान कायम गरेको छ ।

युरोपियन युरो, युके पाउन्ड स्ट्रलिङ, स्विस फ्र्याङ्क, सिङ्गापुर डलर, जापानी येन, चिनियाँ युआन, साउदी अरेबियन रियाल, कतारी रियाल, थाई भाट, युएई दिराम, मलेसियन रिङ्गेट, साउथ कोरियन वन, स्विडिस क्रोनर, डेनिस क्रोनर ,हङकङ डलर, कुवेती दिनार, बहराइन दिनार र ओमनी रियालको भाउमा वृद्धि भएको छ । यस्तै, अष्ट्रेलियन डलरको मूल्य भने ओरालो लाग्दा अन्य केही विदेशी मुद्राको भाउ भने स्थिर छ । रासस

# पर्यटक भित्र्याउन तीन सय वर्ष पुरानो मौलिक शहरको प्रर्बद्धन

गलकोट । अहिलेको बागलुङ बजार दुई सय ८४ वर्षभन्दा पुरानो हो । पुरानो बजारमा अहिलेपनि एक सय वर्षभन्दा पहिले बनाइएका कलात्मक घर अहिले पनि उस्तै छन् । यहाँको नारायण चोक संस्कृतिक विविधताले धनी छ । अहिले त्यही नारायणचोक क्षेत्रलाई मौलिक शहरको रुपमा विकास गरी पर्यटक चिनाउने अभियान थालिएको छ ।



बागलुङ नगरपालिका-३ स्थित नारायणचोक आसपासका घर परम्परागत शैलीमा निर्माण भएका छन् । पर्यटकीय शहरका हिसाबले अझै महत्वपूर्ण मानिएको पुरानो शहरलाई स्थानीय र वडा कार्यालय मिलेर पर्यटन भित्र्याउनेगरी मौलिक शहरको रुपमा विकास गर्न थालिएको छ ।

नारायणचोकसँगै देउराली चोक, किराना टोल, नौबीसे टोल र कम्पुटोल बागलुङ बजारको पुरानो शहरमा पर्दछ । सय वर्ष पुरानो बागलुङ बजारको नारायणचोकमा रहेको भक्तिलाल चौपारी अहिले धपक्क बोलेको छ । चौपारीलाई बाँस र खरले छाइएको छ भने बत्तीले झिलीमिली पारिएको छ ।

बागलुङ नगरपालिका-३ वडा कार्यालय र स्थानीयको पहलमा गुमनाम बन्दै आएको बागलुङको पुरानो शहर संरक्षण गर्दै मौलिकता झल्कनेगरी सजाउन थालिएको छ ।

बढ्दो शहरीकरणको चापमा पुरानो शहर ओझेलमा पर्न थालेपछि स्थानीयले शहरको प्रचारप्रसारका लागि प्रवेशद्वार निर्माण, भक्तिलाल चौपारी पुनःनिर्माण, सजावट, सांस्कृतिक कार्यक्रम गर्ने र पर्यटकलाई स्थानीय खानाका परिकार चखाउन थालिएको हो ।

मौलिक शहरको रुपमा विकास गर्न भक्तिलाल चौपारीलाई सजाइएको छ भने पाँच वटा टोलको प्रवेशद्वारमा बाँसमाथी खरले छाएका प्रवेशद्वार बनाइएको छ ।

बढ्दो शहरीकरणका कारण मासिँदै गएको मौलिक शहरलाई जीवितै राख्नका लागि प्रचार-प्रसारमा जुटेको बागलुङ नगरपालिका-३ का वडा अध्यक्ष सनी केसीले बताउनुभयो ।

नेवारी बस्तीलाई मौलिक शहरको रुपमा स्थानीयको सक्रियतामा विकास गर्न थालिएको केसीको भनाइ छ । "अहिले पुरानो बजारलाई बेहुली झै सिगारिएको छ, उक्त शहरलाई सधैँ उस्तै बनाउने हाम्रो योजना हो, शहरको विभिन्न ठाउँलाई मौलिकरुपमा देखाउन सजाइएको छ, भक्तिलाल चौपारीमा नियमित सांस्कृतिक कार्यक्रम गरिन्छ" केसीले भन्नुभयो "स्थानीयले सहयोग सङ्कलन गरेका छन् भने वडा कार्यालयले दुई लाख ५० हजार बजेट विनियोजन गरेको छ, पर्यटकीय शहरको रुपमा विकास गरेर सुनसान पुरानो शहरलाई गुल्जार बनाउने हाम्रो योजना हो, अहिले शुक्रबार र शनिबार नियमित सास्कृतिक कार्यक्रम हुन्छ भने पुरानो बजारमा ठूला सवार ीसाधान आउनका लागि रोक लगाइएको छ ।"

मुख्यतया नारायणचोक र देउराली चोकमा पर्यटक भित्र्याउनका लागि सडकमा ढुङ्गा छाप्ने र बन्दीपुरको झल्को दिनेगरी फूल लगाउने काम थालिएको हो । वडाको अभियानलाई स्थानीय नेवार समुदाय र अन्य समुदायले साथ दिनथालेका छन् । अहिले शुक्रबार र शनिबार साँझमा सांस्कृतिक कार्यक्रम गर्न थालिएको छ । जस्मा नेवारी र मगर सांस्कृति देखाउनसमेत थालिसकेको छ ।

विसं २०११ सालमा विपीसमेतले भक्तिलाल चौपारीमा उभिएर भाषण गरेको, नेवारी संस्कृति हनुमान नाँच र भदौरे नाँच यही चौपारीबाट निकालिँदै आएको र दसैँमा मालाश्री गाउने चौपारीलाई अहिले सिगारिएको किसानरा टोलका स्थानीय मुकेशचन्द्र राजभण्डारीले जानकारी दिनुभयो ।

भक्तिलाल चौपारी संस्कृति र राजनीतिको उद्गम थलको रुपमा रहेको राजभण्डारीको भनाइ छ । "मौलिक घर नै हाम्रा सम्पत्ती हुन् बन्दीपुरमा जस्तो पर्यटक भित्र्याउन नारायणचोकले सक्दछ, यहाँको नयाँ र पुरानो समुदायले पहिचानअनुसारको खानाका परिकार र आतिथ्यता दिनथालेका छन्" राजभण्डारीले भन्नुभयो "खासगरी नेवारी र मगर संस्कृति प्रदर्शन र परिकारले स्थानीय पर्यटक तान्नेछ भने यहाँको नारायणचोक र देउराली चोकको प्रचारप्रसार हुँनेछ ।"

सजाइएको पुरानो शहरले व्यापार बढाउने अपेक्षा गरेको स्थानीय रन्जितप्रसाद मलेपतीले बताउनुभयो । एक सय वर्षभन्दा पुरानो घरमा अझै डोको, नाम्लो, माछा मार्ने जालजस्ता सामग्री बिक्री गर्दै आउनुभएका मलेपतीले पुरानो बजारलाई पर्यटनसामु चिनाउन आवश्यक रहेको बताउनुभयो । आधुनिकतासँगै मौलिकतासमेतको समेत महत्व बढेर आएको उहाँको भनाइ छ ।

उहाँले यही पुरानोबजारबाट नयाँ बजार विस्तार भएको बताउदै पुरानो बजारलाई मौलिक शहरको रुपमा विकास गर्न स्थानीय लागेको बताउनुभयो ।

नारायणचोकमा दरबारको झल्कोदिनेगरी १९९५ सालमा ओम प्रसाद गौचनले निर्माण गरिएको ५२ झ्याले घर समेत संरक्षण गरी राखिएको छ । यहाँको पुरानो बस्ती अध्ययन अवलोकनकासमेत लागि महत्वपूर्ण मानिदै आइएको छ । यहाँको तीन सय वर्ष पुरानो हनुमान नाँच, लाखे नाँच, रोपाई नाँचलगायतका नाँचहरुले समय-समयमा प्रदर्शन गरिँदै आइएको छ ।रासस

"स्थानीयले सहयोग सङ्कलन गरेका छन् भने वडा कार्यालयले दुई लाख ५० हजार बजेट विनियोजन गरेको छ, पर्यटकीय शहरको रुपमा विकास गरेर सुनसान पुरानो शहरलाई गुल्जार बनाउने हाम्रो योजना हो, अहिले शुक्रबार र शनिबार नियमित सास्कृतिक कार्यक्रम हुन्छ भने पुरानो बजारमा ठूला सवारीसाधान आउनका लागि रोक लगाइएको छ ।"


मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान

प्रादेशिक अस्पताल

जनकपुरधाम, धनुषा

## बोलपत्रको आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सुचना

सुचना प्रकाशन मिति : २०८१/१०/०६

यस अस्पतालबाट मिति २०८१।०७।०२ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ठेक्का नं.: MIHS/GOODS/NCB/2081-082/02 को 1S2E बिधि बमोजिमको बोलपत्र सम्बन्धि सुचना अनुसार PPMO को e–GP System मार्फत रितपुर्वक दाखिला हुन आएका तपशिल बमोजिमको बोलपत्रदाताले पेश गरेको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिई छनोट भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७८ प्रयोजनार्थ उक्त बोलपत्रको आर्थिक प्रस्ताव खुल्ने भएकोले सम्बन्धित बोलपत्रदाताको उपस्थितिको लागि यो सुचना प्रकाशित गरिएको छ।

तपशिलः

| क्र. स. | ठेक्का न. | बोलपत्रदाताको नाम तथा ठेगाना | प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएका आईटम नं. हरु | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|---|
| १ | MIHS/ GOODS/ NCB/2081-082/02 | Aditya International, Janakpur | १,२,३,४,५,६,९,१०,११,११,१२,१३,१४,१६,१७,१८,१९,२०,२१,२२,२३,२४,२५,२६,२७,२८,२९,३०,३१,३२,३३,३५,३६,३७,३९,४०,४१,४५,४६,४७,४८,४९,५०,५१,५२,५३,५४,५५,५६,५७,५८,५९,६०,६१,६२,६३,६४,६५,६६,६७ | प्रादेशिक अस्पताल, जनकपुरधाम मितिः २०८१/१०/१३ गते समयः दिउँसो २:०० बजे |
| | | Medplus Pharma Distributors, Bharatpur-10 | १,२,३४,३६,३७,४४,५३ | |
| | | Google sugical & supplier, janakpurdham-10 | १,२,३,१४,१५,१७,१८,१९,२०,२१,२६,३४,३६,३७,३८,४१,४२,४३,४४,६०,६२ | |
| | | Om Multi City Surgical, Birgunj | ९,१०,१२,१४,१५,१६,१७,१८,१९,२०,२१,२३,२४,२५,२६,२७,२९,३०,३१,३२,३३,३४,३५,३९,४१,४२,४३,४४,५३,५६,५७,५८,५९,६०,६२,६३,६४,६६,६७,६८ | |
| | | Lav medical hall, Jaleshwor-4, Mohattari | १,२,३,४,७,८,९,११,१२,१३,१५,२५,३१,३२,३८,३९,४२,४३,४४,५२ | |
| | | Nikki pharma Distributer, Dharan | १,२,३,४,५,७,८,९,१०,११,११,१२,१३,१४,१५,१६,१७,१८,१९,२०,२१,२३,२४,२५,२६,२७,२८,२९,३०,३१,३२,३३,३४,३५,३६,३७,३८,३९,४०,४१,४२,४३,४४,४५,४६,४७,४८,४९,५०,५१,५२,५३,५४,५५,५६,५७,५८,५९,६०,६१,६२,६५,६६,६७,६८ | |

(मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान,अस्पताल निर्देशक)

# ‘अस्तित्व नै संकटमा परेपछि मोर्चाबन्दीको प्रयास’




**अनिल तिवारी**

वीरगञ्ज । खानेपानी मन्त्री प्रदीप यादवले अस्तित्व नै संकटमा परेका मधेश केन्द्रित दलहरू अहिले मोर्चाबन्दीमा लागेको बताएका छन् ।

वीरगञ्जमा शनिबार आयोजित सभामा उनले मोर्चा, सहकार्य र एकताको प्रयासमा लागेको बताए । जनता समाजवादी पार्टी (जसपा)का उपमहासचिवसमेत रहेका मन्त्री यादवले मधेश र मधेशीका अधिकारका लागि नभइ आफ्नो निहित स्वार्थपूर्तिका लागि उनीहरू मोर्चा र सहकार्यको प्रयासमा लागेको टिप्पणी गरे ।

जसपा पर्साले आयोजना गरेको बृहत् पार्टी प्रवेश कार्यक्रममा बोल्दै मन्त्री यादवले व्यंग्य गर्दै भने, ‘जस जसको दोकान बन्द हुन लाग्या छ, ती दल नै मधेशी दलहरूबीच सहकार्य, मोर्चा र एकता गराउने भनेर अहिले लागेका छन् ।’ उनीहरूको छलफल र अभियानमा जसपा सहभागी नभएको पनि उनले बताए ।

उनले भने,‘ मधेशी दलहरूबीच सहकार्य, एकता वा मोर्चाबन्दी कुनै दल विशेषका नेतालाई चुनावमा जिताउन लागि हुनुहुँदैन । जसपाको शर्त छ, मधेश र मधेशीको अधिकार प्राप्तिका लागि मोर्चा वा सहकार्य हुनुपर्छ । मधेश आन्दोलनबाट प्राप्त राजनीतिक उपलब्धिको रक्षाका लागि मधेशी दलहरूबीच सहकार्य वा मोर्चा हुनुपर्छ । तर, अहिले सहकार्य वा मोर्चाका लागि भनेर छलफलमा जुटेका मधेश केन्द्रित दलहरूको स्वार्थ मधेश र मधेशका मुद्दाभन्दा पनि आगामी निर्वाचनमा आफू जित्नका लागि रहेको बताए ।

पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्यसमेत रहेका मन्त्री यादवले पूर्वमन्त्री एंव आम जनता पार्टीका अध्ध्यक्ष प्रभु साहलाई लक्षित गर्दै वीरगञ्ज र पर्सा जिल्लाका नेताहरूका बारेमा गलत शब्द प्रयोग नगर्न चेतावनी दिएका छन् । केही दिन अघि वीरगञ्जमा पूर्वमन्त्री साहले पर्साका नेता र मन्त्रीहरूलाई चोर र दलालको संज्ञा दिँदै सार्वजनिक अभिव्यक्ति दिएका थिए । मन्त्री यादवले पनि साहलाई सर्कस चलाउने सर्कसवाला नेताको रहेको संज्ञा दिए ।

सो सभामा लोकतान्त्रिक समाजवादी पार्टी नेपालका नेता पुरुषोत्तमलाल झालाई अध्यक्ष अशोक राईले जनता समाजवादी पार्टीमा प्रवेश गराउँदै फुलमाला लगाएर स्वागत गरेका थिए ।

जसपा पर्साका अध्यक्ष सिंगासन सा तेलीको अध्यक्षता तथा जसपाका केन्द्रिय अध्यक्ष अशोक राईको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा जसपाकी केन्द्रीय उपाध्यक्ष सुशीला श्रेष्ठ, केन्द्रीय सदस्य तथा वीरगन्जका मेयर राजेशमान सिंह, केन्द्रीय सदस्य मोहनलाल चौधरी, जनार्दन यादव, पूर्व प्रदेशसभा सदस्य जन्नत अन्सार ी,भीमा यादव, जिल्ला समन्वय समिति पर्साका प्रमुख अजय सर्राफ, युवा नेता तबरेज अहमद, ईश्वरचन्द्र यादव, असलम आलम लगायतकाकाहरुको सहभागिता रहेको थियो ।

# मधेश अन्दोलनको एजेण्डा जीवित रहनु ठूलो नै उपलब्धि

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रत्येक वर्षको माघ ५ गते मधेश आन्दोलन भएको दिनको रुपमा मधेश केन्द्रित दलले मनाउँदै आएका छन् ।

यस दिनलाई मधेशको हक अधिकार, पहिचानसहितका एजेण्डा लिएर आन्दोलनको उद्घोष गरेको दिनको रुपमा केन्द्रित दलले बलिदानी दिवसको रूपमा मनाउँदै आएका छन् । मधेश आन्दोलनको बलमा लोकतान्त्रिक गणतान्त्रमक व्यवस्था परिमार्जित भइ संघीयता थपिएको थियो ।

प्रथम मधेश प्रदेश सरकारको पहिलो मन्त्रिपरिषद् वैठकबाट माघ ५ गतेलाई बलिदानी दिवसको रूपमा मनाउने औपचारिक निर्णय गरेको थियो ।

मधेश प्रदेश सरकारसहित विभिन्न मधेश केन्द्रित दलले माघ ५ गते विभिन्न कार्यक्रम गरी बलिदानी दिवस मनाउँदै आएका छन् । अहिले मधेश प्रदेशको सरकारको अगुवाइ जनमत पार्टीले गरिरहेको छ । जनमतले पनि विगतको सरकारले गरेको निर्णयलाई कार्यान्वयन गर्दै शनिबार मधेश आन्दोलनको स्मरणमा बलिदानी दिवस मनाउँदै जानकी मन्दिरमा दीप प्रज्वलन गरेको छ ।

शहीदहरूको बलिदानको बलमा मुलुकमा संघीय लोकतान्त्रिक गाणतान्त्रमक व्यवस्था आएको भन्दै शहीदहरूको स्मरणमा मधेश सरकारले जानकी मन्दिरमा दीप प्रज्वल्न कार्यक्रम सम्पन्न गरेको छ ।

त्यस्तै मधेश केन्द्रित दलको रुपमा रहेका जनता समाजवादी पार्टी(जसपा) नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपाल, राष्ट्रिय मुक्ति पार्टी नेपाल, तराई मधेश लोकतान्त्रिक पार्टीसहितका दलहरुले प्रदेशव्यापी रुपमा मधेश आन्दोलनकोका प्रथम शहीद रमेश महतोको शलिकमा माला आर्पणदेखि विविध कार्यक्रम गरी मनाएका छन् ।

त्यतिबेलाको माघ ५ गते तत्कालीन मधेशी जनअधिकार फोरम नेपालले मधेशव्यापी बन्दको घोषणा गरेको बेला माओवादी नेता मातृकाप्रसाद यादव चढेको गाडी सिराहाको लहान पुग्दा प्रदर्शनकारी र माओवादीका कार्यकर्ताबीच झडप भएको थियो । झडप नियन्त्रण गर्न प्रहरीले चलाएको गोली लागेर आन्दोलनमा सहभागी रमेश महतोको मृत्यु भएको थियो । मधेश आन्दोलनको पहिलो शहीद महतो बन्न पुगे । महतोको मृत्युपछि मधेश आन्दोलन थप चर्कियो ।



आन्दोलन बढ्दै गएपछि माघ १७ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले निर्वाचन क्षेत्र थप्ने तथा संविधानमा वर्ग समुदायको प्रतिनिधित्व हुने भन्दै बन्द फिर्ता लिन आग्रह गरे । तर आन्दोलनकारीहरूले आफ्नो माग पूरा नभएको भन्दै अन्दोलनलाई जारी नै राखे ।

माघ ३ देखि शुरु भएको आन्दोलन माघ २४ मा पुग्दा तत्कालीन प्रधानमन्त्री कोइरालाले दोस्रोपटक राष्ट्रको नाममा सम्बोधन गर्दै आन्दोलनकारीहरूको माग पूरा गर्ने प्रतिवद्धता जनाएपछि माघ २५ देखि १० दिनसम्मका लागि आन्दोलन स्थगित भएको थियो । त्यो बेलासम्म मधेशमा ४० भन्दा बढीको मृत्यु भइसकेको थियो । त्यसपछि वार्ताका लागि राज्यले महन्थ ठाकुरको नेतृत्वमा वार्ता समिति गठन गरेको थियो । तर वार्ता समितिलाई सामान्य अधिकार नदिएको भन्दै उपेन्द्र यादवसहितका आन्दोलनरत पक्षले

> प्रथम मधेश प्रदेश सरकारको पहिलो मन्त्रिपरिषद् वैठकबाट माघ ५ गतेलाई बलिदानी दिवसको रूपमा मनाउने औपचारिक निर्णय गरेको थियो ।

वार्तामा बस्न अस्वीकार गरे । त्यसलगत्तै राज्यले कांग्रेसका नेता रामचन्द्र पौडेल (वर्तमानमा राष्ट्रपति)को संयोजकत्वमा पुनः वार्ता समिति बनाएको थियो ।

त्यतिबेला २२ बुँदे सम्झौता भयो र त्यसलगत्तै सो सम्झौता धोका भएको भन्दै मधेशी जनअधिकार फोरम नेपालबाट अलग हुँदै भाग्यनाथ गुप्तासहितले मधेशी जनअधिकर फोरम मधेश गठन गरी दोस्रो मधेश आन्दोलनको तयारी थाले । त्यसपछि नेपाल सदभावना पार्टी आन्दोलनमा जोडिएको थियो । तर २२ बुँदे सम्झौता कार्यान्वय नभएको भन्दै फोरम नेपालले पनि उनीहरूसँग मिलेर आन्दोलनको तयारी गरेको थियो ।

दोस्रो मधेश आन्दोलनका लागि नेपाल सद्भावना पार्टी र फोरम नेपाल मिलेर संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको गठन गरेको थियो । त्यसपछि काग्रेस परित्याग गरी महन्थ ठाकुरले तराई मधेश लोकतान्त्रिक पार्टी गठन गरी मोर्चामा सहभागी भए ।

तमलोसपाको सहभागी भएपछि सो मोर्चालाई संयुक्त लोकतान्त्रिक मधेशी मार्चा नामकरण गरेको थियो । त्यसपछि फागुन १६ मा सरकार र मोर्चाबीच ८ बुँदे सहमति भएको थियो । सो सहमतिअनुसार दलहरू संविधानसभाको निर्वाचनमा सहभगी भए ।

पहिलो संविधानसभाको निर्वाचनमा फोरम नेपालले ५२, तलोपाले २० र नेपाल सदभावना पार्टीले ९ सिट जितेर इतिहास रचेको थियो । तर अहिले संसदमा मधेश केन्द्रित दलहरूको उपस्थिति प्रभावकारी छैन ।

मधेश आन्दोलनकै माग र जगमा देश संघीयतामा प्रवेश गरेको थियो र मधेशमा मधेश केन्द्रित दलहरूकै सरकार बनाएको थियो । तर मधेश केन्द्रित दलहरूमा सत्ता स्वार्थका कारण आएको विभाजन र प्रदेश सरकारले देखाउन नसकेको क्षमताका कारण जनताले अपेक्षाअनुसार संघीयताको मर्मअनुसार सेवा नपाएको गुनासो छ ।

जनता समाजवादी पार्टी नेपालका वरिष्ठ उपाध्यक्ष राजकिशोर यादवले मधेशी जनताप्रति राज्य अनुदार प्रवृति तथा राज्यको मुल नेतृत्वमा केन्द्रित मानसिकता हाबी भएको कारण मधेश आन्दोलन अर्थपूर्ण रहेको दाबी गरे । मधेश आन्दोलनले एक खाका कोर्न सफल भए पनि त्यसलाई मूर्तरुप दिन थप अन्दोलनको आवश्यकता रहेको उनले बताए ।

२०७२ सालमा संविधान संशोधनको माग गर्दै भएको ६ महिने आन्दोलनमा सबैभन्दा चर्चामा रहेका पात्र तथा नवगठित रष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले मधेशी जनताले एक्लै आन्दोलन गर्दा राज्यको सामु शक्ति पुगेन्, मधेश आन्दोलन असफल हुन पुगेको जिकिर गरे ।

मधेश आन्दोलनमा राज्यद्वारा भएको दमनलाई जेनेभामा पुऱ्याएर मधेश अन्दोलनलाई अन्तर्राष्ट्रियकरण गर्ने काम पनि भएको थियो ।

राजनीतिक विश्लेषक रोशन जनकपुरीले मधेश आन्दोलन पूर्णरूपमा सफल नभए पनि आंशिक रूपमा सफलता मिलेको बताए । उनले मुलुक संघीयतामा गएको र प्रदेश सरकारहरू गठन भई कार्यहरू अगाडि बढाएकै बताउँदै जनकपुरीले मधेश अन्दोलन र मधेशी शहीदको सपना थियो त्यो अनुसारको अधिकार अझै पाउन सकिएकौ नसकिएको बताए ।

मधेश केन्द्रित दलहरू सत्तामा पुगेपछि मधेश आन्दोलनको मुद्दा छोडने र सत्ता बाहिर हुँदा उठाउने गर्ने उनको भनाइ छ । जनकपुरी भन्छन्, ‘त्यसकारणले पनि मधेश केन्द्रित दलहरूमाथि मधेशी जनताको विश्वास घट्दै गएर शक्ति पनि कमजोर हुँदै गएको छ ।’

राजनीतिक विश्लेषक चन्द्र किशोरले मधेश अन्दोलनको लक्ष्य पूरा नभए पनि मधेशको एजेण्डा जीवित रहनु ठूलो उपलब्धि रहेको बताए । उनले मधेश अन्दोलन अझै नसकिए पनि आन्दोलनको झिल्को अझै रहेको बताए । आगो ननिभेको भन्दै चन्द्रकिशोरले फेरि पनि मधेश आन्दोलनले बिस्फोट हुन सक्ने ठोकुवा गरे ।

# मन्त्री साहद्वारा एकै दिन तीन शैक्षिक संरचनाको शिलान्यास

**टुडे समाचारदाता**

जनकपुरधाम । महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री नवल किशोर साहले एकै दिन तीन शैक्षिक संरचनाको शिलान्यास गरेका छन् ।

शैक्षिक संरचनाको शिलान्यास गर्दै मन्त्री साहले पछाडी पारिएका वर्गलाई शिक्षाको मुलधारमा नल्याउञ्जेलसम्म मुलुकको विकास सम्भव नहुने बताएका छन् ।



सप्तरीको हनुमाननगर कंकालिनी र कञ्चनरुप नगरपालिकामा शनिबार तीन वटा विद्यालयको थप कक्षा कोठा भवनको शिलान्यास गर्दै मन्त्री साहले पछाडी पारिएका वर्गलाई शिक्षाको मुलधारमा ल्याउनुपर्ने बताए ।

उनले शिक्षाको स्तर उकास्न र कक्षा कोठाको अभावमा बालबालिकाले समस्या भोग्नु नपरोस् आफ्नो पहलमा भएको दाबी गर्दै पाँच वटा विद्यालयमा कक्षा कोठा बिस्तारका लागि एक/एक करोड गरि पाँच करोड रुँपैया बजेट ब्यवस्थापन गर्न सफल भएको जानकारी दिए ।

समय अभावका कारण बाँकी दुई वटा विद्यालयको थप कक्षा कोठा भवनको शिलान्यास अर्को दिन गरिने उनको भनाइ थियो । अत्याधिक चिसोका कारण समस्यामा परेका हनुमाननगर कंकालिनी नगरपालिका- ४ स्थित मधवापुरका चिसो पीडित विपन्न समुदायलाई मन्त्री साहले ५ सय थान कम्बल वितरण समेत गरे ।

सो क्रममा जनतालाई मालिक र देउताको संख्या दिएका उनले आफू जनताको सेवा कै लागि राजनीतिमा आएको स्पष्ट पारे । उनले क्षमताले भ्याएसम्म समस्यामा परेका जनताका लागि निस्वार्थ भावले बाचुञ्जेल सेवा प्रदान गरिरहने तत्परता समेत व्यक्त गरेका छन् ।

शिलान्यास तथा कम्बल वितरण कार्यक्रममा पूर्वसांसद नागेन्द्र झा, हनुमाननगर कंकालिनी नगरपालिकाका पूर्व मेयर शैलेश साह, प्रधानाध्यापक प्रमोद कुमार यादव, राजेश्वर प्रसाद साह, वडाध्यक्ष गुलटेन चौधरी, मेहदी हसन, दामोदर खडगा, महिला नेतृ सरितादेवी यादव, अनुराधा साह, जसपा नेता भोला पासवान, चित्ररन्जन यादवलगायतको सहभागिता रहेको थियो ।

# मधेश प्रदेशमा सवारी तथा यातायात व्यवस्था ऐन २०८१ देशमै पहिलो

**अजमल मिकरानी**

मलंगवा । सवारीसाधनको कर र जरिवानामा लाग्ने शुल्कलाई मधेश प्रदेश सरकारले शतप्रतिशत छुट दिने व्यवस्था गरेको जनाइएको छ ।

श्रम तथा यातायात मन्त्री कौशल किशोर रायले आयोजना गरेको पत्रकार सम्मेलनमा सवार ीसधानको कर र जरिवानामा लाग्ने शुल्क शतप्रतिशत छुटको व्यवस्था गरिएको बताए ।

मलंगवामा शनिबार उनले सो ऐन गत मंसिर १९ गते प्रदेश राजपत्रमा समेत प्रकाशित भइसकेको बताए ।

मन्त्री रायले ऐन अन्तर्गत सवारीसाधनको कर र जरिवानामा शतप्रतिशत छुट दिने निर्णय भएको बताए । उनले सो



ऐनले एकमुष्ट १५ वर्षको लागि नवीकरण गराउन सक्ने व्यवस्था गरेको र यसका लागि गाडीको मुल्यको मात्र ५ प्रतिशत रकम लाग्ने बताए ।

उनले ल्याएको यस किसिमको ऐन मधेस प्रदेश बाहेक नेपालको अन्य कुनैपनि प्रदेशमा नरहेको र उनले चालिएको कदम ऐतिहासिक रहेको दाबी गर्दै प्रदेशका लाखौं जनताहरु लाभान्वित हुने समेत अपेक्षा लिइएको बताए ।

कार्यक्रममा मन्त्रालयका बरिस्ठ उपसचिव रञ्जितकुमार यादव सहित मधेश प्रदेश अन्तर्गत आठ वटै जिल्लाका यातायात व्यवस्था कार्यालयका कार्यालय प्रमुखहरु र पत्रकार हरुको उपस्थिति रहेको थियो ।

# ‘अहिलेको सरकार सही बाटोमा हिँडिरहेको छैन’

**टुडे समाचारदाता**



लहान । जनता समाजवादी पार्टी नेपालकाउपाध्यक्ष राजकिशोर यादवले अहिलेको सरकार सही बाटोमा नहिँडेको आरोप लगाएका छन् ।

उनले सरकारले सही बाटोमा हिँडेर काम गर्न नसकेको बताए । उनले भने, ‘प्रधानमन्त्री र मन्त्रीहरूकै अभिव्यक्ति सुन्दा सरकार फेल भइरहेको देखिन्छ ।’

पूर्वमन्त्री यादवले प्रधानमन्त्री केपी शर्मा ओली सुरुमा संविधान संशोधनको चर्को कुरा गरेर आफैं पछि हटेको, सुशासनको सवालमा मन्त्री र सचिवहरूप्रति गुनासो गर्नुले सरकारको हविगत उदांगो पारेको बताए । उनले सरकारको गतिविधिले जनताका अपेक्षा सम्बोधन गर्नुभन्दा पनि मुलुकमा निराशा बढाउने काम गरिरहेको बताए ।

अहिलेको सरकार जनहितभन्दा पनि कांग्रेस र एमालेका नेताहरूको स्वार्थका कारण बनेकाले यो परिस्थिति स्वाभाविक रहेको पनि उपाध्यक्ष यादवले बताए ।

**संस्कृति र साँस्कृतिक सम्पदाको संरक्षण गरौं**

- संस्कृति र साँस्कृतिक सम्पदा हाम्रा पहिचान हुन्, यिनीहरुको संरक्षण गर्नु हाम्रो दायित्व हो,
- साँस्कृतिक विविधता बीच एकता कायम राखौं,
- साँस्कृतिक धरोहरहरुको प्रचारप्रसार र सुरक्षा गरौं,
- सम्पदा वरिपरि सफा राखी सभ्य समाज निर्माण गरौं,
- सामाजिक मेलमिलाप र भाइचारा कायम राखौं,

**साँस्कृतिक सम्पदाको संरक्षण र सम्मानमा हातेमालो गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# भारतीय बजारमा बट्टाको नाममा अतिरिक्त पैसा तिर्न बाध्य नेपाली ग्राहक

**टुडे समाचारदाता**

मलंगवा । नेपाल-भारत सीमा क्षेत्र अवस्थित भारतीय बजारमा किनमेल गर्न जाँदा त्यहाँका व्यापारीले नेपाली ग्राहकहरुसंग बट्टाको नाममा अतिरिक्त रकम लिने गरेका छन् । सीमापारीका भारतीय ब्यापारीहरु नेपाली ग्राहकलाई जुनसुकै सामान किन्दा १ सय भारुको लागि नेपाली १ सय ६० को सट्टा सो रकम भन्दा बढी रुपैयाँ तिर्न बाध्य पार्ने गरेको नेपाली ग्राहकहरुले बताएका छन् ।

सीमाक्षेत्रका सहर बजारमा भारु पैसा साट्ने सटही काउन्टर नहुँदा नेपाली ग्राहकहरु बाध्यतावश नेपाली पैसा बोकेर किनमेल गर्न जाने गरेकाले भारतीय बजारमा सामानको खरिदारी गर्दा बट्टा वा कमिशनको नाममा अतिरिक्त रकम तिर्नुपरेको मलंगवा नगरपालिका वडा न-२ की ग्राहक मुक्ता यादवले बताइन ।

सर्लाही जिल्लासँग सीमा जोडिएको भारतीय बजार सोनवर्षा, कन्हौली, मेजरगंज बजारमा किनमेल गर्न पुग्ने नेपाली ग्राहकहरुसँग त्यहाँका व्यापारीले नेपाली पैसामा मनपरी कमिशन लिएर सामान दिने गरेको कबिलासी-९, सलेमपुरका ग्राहक राकेश यादवले बताए । उनले भारतीय बजारमा नेपाली पैसालाई भारतीय पैसासँग साट्दा भारु एक सयको बदलामा नेपाली १६० रुपैयाँ भन्दा बढी बट्टा लिने गरेको बताए ।

बालबालिकाको लागि कपडा खरीद गर्न सोनवर्षा बजार पुगेका मलंगवा-९ का स्थानीय सुनिल रायले आफूले त्यहाँ किनमेल गर्दा भारु १ सयको लागि नेपाली १६० भन्दा बढी पैसा तिर्नुपरेको गुनासो सुनाएका छन् ।

नेपाली बजारमा भारतीय पैसाको अभाव भएकै कारण नेपाली ग्राहकले अतिरिक्त पैसा तिर्नुपरेको जानकारहरुको भनाइ छ ।

यता नेपाली बजारमा सामानहरु महँगो र भारतीय बजारमा सस्तो पाउने सोचले बट्टा तिरेरै भए पनि सीमाक्षेत्रका नेपाली ग्राहकहरु भारतीय बजारमा किनमेलका लागि जाने गरेका छन् । जबकी भारतबाट किनेर ल्याएको सामान र नेपाली बजारमा पाउने सोही सामानको मुल्यमा दुई-तीन रुपैयाको मात्र अन्तर हुने गरेको छ ।

सस्तोको लोभमा दैनिक हजारौं नेपाली ग्राहकहरु ठगीको सिकार बन्दै आइरहेका छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८